
# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY

भा
द्र
पु
र्णि
मा



धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा आयोजित हस्तकला प्रर्दशनीको उद्‌घाटन

DHARMAKIRTI

वर्ष- २०    अङ्क- ५    वार्षिक रु. ६०/-  मूल्य रु. ५/-

सम्पादकीय

# थेरवादी खम्बाहरू ढल्दै गए

नेपालमा थेरवाद बुद्ध धर्मको पुन: प्रचार गर्ने कार्य थेरवादी भिक्षुहरूको तर्फबाट शुरु भएको कुरा त सर्वविदितै छ र स्मरणीय पनि छ । हुनत एकजना गृहस्थ उपासक धर्मादित्य धर्माचार्यबाट पनि थेरवाद बुद्ध धर्म प्रचार कार्यमा पुऱ्याएको अमूल्य देनलाई हामीले बिर्सन हुन्न । किनभने यो एक अविस्मरणिय ऐतिहासिक तथ्य हो ।

नेपालमा थेरवाद धर्मप्रचारक भिक्षुहरू मध्ये भिक्षु महाप्रज्ञाको नाम अग्र स्थानमा आउँछ । श्री ३ चन्द्र शम्शेर को पालामा ५ जना भिक्षुहरूलाई नेपालबाट निष्कासन गरि एको थियो । ती ५ जना भिक्षुहरू मध्ये एक भिक्षु महाप्रज्ञा हुनुहुन्थ्यो । पहिला उहाँ महायानी भिक्षु हुनुहुन्थ्यो । पछि मात्र थेरवादी भिक्षु बन्नु भएको थियो । केही कारणवश पछि उहाँले भिक्षुत्त्व जीवन त्यागी बौद्ध ऋषी बन्नु भयो । जे होस् भिक्षु महाप्रज्ञा अनुभवी धर्म उपदेशक हुनुहुन्थ्यो । उहाँले आफ्नो अनुभवहरूलाई नै उपमाको रुप दिई सरल भाषामा धर्म उपदेश दिनेकार्यमा पोख्त हुनुहुन्थ्यो । मूर्ति बनाउने कार्यमा पनि उहाँ दक्ष र प्रख्यात हुनुहुन्थ्यो । उहाँ आफैले ब्लक बनाई आफुले लेखेको ललितविस्तर छाप्नु भयो । उहाँ एक नामी, प्रख्यात शिल्पकलाकार र नेपाल भाषाका कवि पनि हुनुहुन्थ्यो । यसरी बौद्ध ऋषि महाप्रज्ञा थेरवाद धर्म प्रचार कार्यको एक बलियो स्तम्भ हुनुहुन्थ्यो । तर उहाँ अनित्य भई बित्नु भयो ।

त्यसपछि भिक्षु प्रज्ञानन्द महास्थविरले काठमाडौं उपत्यका भित्र प्रथम थेरवाद धर्म प्रचारकको रूपमा पदार्पण गर्नुभयो । उहाँ एक धर्मप्रचारक मात्र होइन चित्र बनाउने कार्यमा सिपालु हुनुहुन्थ्यो । उहाँ पनि एक कवि नै हुनुहुन्थ्यो । थेरवाद बुद्ध धर्मको लागि एक बलियो स्तम्भको रूपमा रहनु भएका उहाँ भिक्षु प्रज्ञानन्द महास्थविरले पनि एकदिन आफ्नो देह त्याग गर्नुभयो ।

थेरवाद धर्म प्रचारकको रूपमा अर्को उल्लेखनीय स्तम्भ रहनुभएको थियो - भिक्षु अमृतानन्द महास्थविर । वि.सं. २०१३ सालमा नेपालमा चौथो विश्व बौद्ध सम्मेलन आयोजना गर्ने कार्यमा उहाँको ठूलो देन रहेको थियो । यस सम्मेलनको माध्यमबाट नेपाललाई बुद्ध जन्म भूमी एक स्वतन्त्र राष्ट्रको रुपमा परिचय दिने कार्यको लागि भिक्षु अमृतानन्द सफल हुनुभयो ।

उहाँको अर्को स्मरणिय कार्य पालि त्रिपिटकका अधिकांश अंश नेपाली भाषामा रूपान्तर गर्ने कार्यमा सफल हुनु हो । यसले गर्दा अहिले हामीलाई बुद्ध धर्म अध्ययन गर्ने स्रोतको कमी भएन ।

भिक्षु अमृतानन्द महास्थविर कुशल धर्मकथिक कथाकार हुनुहुन्थ्यो । उहाँको धर्म उपदेशबाट श्री ५ त्रिभुवन वीर विक्रम शाह ज्यादै प्रभावित भइबक्सेको देखिन्छ । फलस्वरूप समय समयमा मौसुफबाट अमृतानन्द महास्थविरलाई नारायणहिटी राजदरवारभित्र बोलाई बक्सिन्थ्यो । यसरी बहु प्रतिभाशाली व्यक्तित्वका धनी भिक्षु अमृतानन्दको निधन हुनु नै थेरवादीहरूको अर्को बलियो स्तम्भ ढल्नु हो । भिक्षु अमृतानन्दको जन्म पाल्पा तानसेनमा भएको थियो ।

अर्को स्मरणीय भिक्षु हुनुहुन्छ शाक्यानन्द महास्थविर । उहाँ भोजपूरमा जन्मनु भएपनि उहाँले पाल्पा तानसेनमा ५० औं वर्ष सम्म बसी नेवार समुदायमा मात्र होइन उपत्यका बाहिर ब्राह्मण समुदायहरू माझ पनि धर्मप्रचार गर्नुभयो । हिन्दू धर्मको प्रकाण्ड विद्वान उहाँले ब्राह्मण वर्गमा समेत तुलनात्मक रूपमा धर्म प्रचार गर्न सफल हुनुभयो । उहाँले पनि संसारको अनित्य स्वभावलाई स्वीकार गरी नश्वर देह त्याग्नु भयो ।

भिक्षु चुन्दशास्त्री राजवैद्य हुनुहुन्थ्यो । उहाँ बुटवलमा ४० सौं वर्षसम्म रहनु भयो । त्यतिञ्जेल उहाँले रोगीहरूको सेवा गर्दै धर्मप्रचार गर्नुभयो । उहाँ एकमात्र धर्मप्रचारक हुनुहुन्थ्यो जसले विरामीहरूलाई औषधोपचार गरी उपत्यका बाहिर धर्मप्रचार कार्यमा लाग्नु हुँदै जीवन त्याग्नु भयो ।

अव पालो आउँछ भिक्षु सुदर्शन महास्थविरको । उहाँ एकमात्र इतिहास र पुरातत्वविद भिक्षु हुनुहुन्थ्यो । नेपालभाषाका नाटककारको रूपमा चिनिनु हुने भिक्षु सुदर्शनले नेपालभाषा ढुकुटीमा नाटक साहित्यले भरि दिनुभयो । लुम्बिनी अशोकस्तम्भ र शीलालिपिका अन्वेषणकर्ता भिक्षु सुदर्शनले बुद्ध धर्मको क्षेत्रमा थुप्रै ग्रन्थहरू रचना गर्नुभएको थियो ।

बुद्धले भन्नुहुन्थ्यो- मानिस जन्मनेवित्तिकै उसले यी विशेषताहरू कोशेलीको रूपमा लिएर आएका हुन्छन्- बुढो हुनु, रोगी हुनु र मृत्यु हुनु । यसरी नै भिक्षु सुदर्शन पनि क्रमैसंग बुढो हुनुभयो, रोगी हुनुभयो र त्यतिले मात्र नपुगी आखिर आफ्नो नश्वर देह त्यागेर नै जानुभयो । के गर्नु, यसरी थेरवाद क्षेत्रमा अर्को एउटा बलियो स्तम्भको अन्त्य हुन पुगेको छ ।

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन : २५८९५५

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन : २५३१८२
ज्ञानेन्द्र महर्जन
फोन : २७६९०८

सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित

सम्पादक
भिक्षुणी वीर्यवती
फोन : २५९४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन : २५९११०

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन : २५९४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४६
नेपालसम्वत् ११२२
इस्वीसम्वत् २००२
बिक्रमसम्वत् २०५९

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI


## A Buddhist Monthly

**AUGUST 2002**



| | | | |
|---|---|---|---|
| वर्ष- २० | अङ्क- ५ | गुँपुन्ही | भाद्र २०५९ |






कुन चार कारणको वशमा परेर मूर्ख मनुष्य पाप कर्म गर्दछन् ? स्वेच्छाचार, द्वेष, भय र मोहको कारणले मूर्ख मानिस पाप-कर्म गर्दछन् । गुहस्थले यी मध्ये कुनैको पनि वशमा परेर पाप-कर्म गर्नु हुँदैन ।

सम्पत्ति नाशका ६ ढोका कुन हुन् त ? जाँड रक्सी, रातमा गुण्डागिरी, नाच तामाशाको व्यसन, जुवा, दुष्ट मानिसको संगत र अल्छिपना ।

दान, प्रियवचन, अर्थचर्या (उपकार) र समानता (बराबरी) सम्झनु, यी चार लोकसेवाका साधन हुन् ।

# छलफल

– मेघदूत

सहभागी - सबैजना आइनपुगे पनि हाम्रो छलफल कार्यक्रम शुरु गर्नै पर्ला । छलफल गर्दा गर्दै आइपुगी हाल्छन् नि । खुशीको कुरो हो हाम्रो कार्यक्रमले निरन्तरता अपनाइरहेको छ । यसरी नै निरन्तरतालाई ध्यान दिइरहन सकेमा मात्र उपलब्धि र सफलता हासिल गर्न सकिनेछ ।

आयोजक - आज त एक नयाँ नारी सहभागीको उपस्थिती रहेको देखियो नि ! बहिनी ! तपाइँ कहाँबाट आउनु भएको ?

नारी सहभागी- म धुलिखेलबाट आएकी एक विद्यार्थी हुँ । केही जिज्ञासा लिएर आएकी छु । मैले बुढानिलकण्ठ स्थित धर्मश्रृङ्ग विपश्यना केन्द्रमा गई विपश्यना ध्यान शिविरमा भाग लिएर आइसकेकी छु। त्यहाँ गइसकेपछि मलाई बुद्ध शिक्षा प्रति रूचि बढेर आयो। शील पालन विना विपश्यनाको प्रतिफल पाउन सक्दिन भन्ने जानकारी पनि पाएँ। तर शील भनेको कस्तो नियम हो ? यसबारे अझ राम्ररी बुझ्ने इच्छा भइरहेको छ ।

आयोजक - बुद्ध शिक्षानुसार शील भन्नाले पञ्चशील बुझिन्छ । कुरा गर्दा र काम गर्दा आफूलाई पनि अरूलाई पनि भलो हुने काम गर्नु नै पञ्चशील पालन गर्नु हो । ठग्ने मनोवृत्तिलाई पञ्चशील भन्न मिल्दैन । इमान्दारी हुनु, अल्छी नहुनु र परस्पर सेवा भाव राखी काम गर्नु नै शील नियम हो । त्यसैले असल चरित्र हुनुलाई नै शील भनिन्छ ।

नारी सहभागी - ए ! शील नियम त अनुशासन र शान्तिको लागि नभै नहुने तत्त्व रहेछ । अध्ययन गर्नु पर्ने विषय रहेछ यो त । यस विषयका पुस्तकहरू कहाँ पाइन्छ होला ? एक दुई वटा पुस्तकहरू त धुलिखेलमा बस्नु हुने भिक्षु गुणघोषबाट पाएको छु। मज्झिम निकाय र विशुद्धि मार्गमा यस्ता शील नियमको कुरा उल्लेख भएको छ रे हो ?

आयोजक - विशुद्धि मार्ग पुस्तक त भृकुटी मण्डपको उत्तर तर्फ नजिकै बुद्ध विहारमा निशुल्क नै पाइन्छ । मज्झिम निकाय चाहिं पाटन बुबहालको दुण्ड बहादुर बज्राचार्य कहाँ सहुलियत दरमा नै पाइन्छ । यो पुस्तक नेपाली भाषामा नै लेखिएको छ ।

युवती (नारी सहभागी) - आजभोली भिक्षुहरू वर्षावास बस्ने विषयमा कुरा चलिरहेको छ। यो वर्षावास भनेको के हो ? यस विषयमा जान्न पाए बेश हुने थियो ।

आयोजक - वर्षावास भनेको भिक्षुहरूको नियम सम्वन्धि विषय हो । यो बुद्धकालिन ऐतिहासिक नियम हो । भिक्षुहरूको धेरैजसो अन्य नियमहरू खुकुलो भएपनि वर्षावास बस्ने नियम भने कायम नै भइरहेको देखिन्छ। हुनत यो नियम जैनहरूको तर्फबाट आएको हो । उनीहरू कट्टर अहिंसावादी हुन् । वर्षातको मौसममा धेरै कीरा फटेंग्राहरू भुइँमा परिरहन्छन्। हिंड्दा देखि कीरा कुल्चिएर मर्छ भनेर पनि वर्षातको समयमा उनीहरू बाहिर ननिस्की एउटै स्थानमा बसिरहने नियम छ ।

बुद्धका शिष्य भिक्षुहरू भने एउटै मात्र स्थानमा नवसी धर्म प्रचारार्थ गाउँ गाउँ घुम्न जान्थे । वर्षाले निथ्रुक्क रुझेर विरामी पर्ने गर्थे । त्यसैले अरुको अपवादबाट बच्न र भिक्षुहरूको स्वास्थ्य बारे ख्याल राखी बुद्धले वर्षात्काल तीन महिना एउटै स्थानमा वा विहारमा बस्ने नियम बनाउनु भयो। यसलाई नै वर्षावास भनिन्छ । हुन त आज भोली वर्षावासको त्यति महत्त्व देखिदैन । किनभने धेरैजसो भिक्षुहरू आ-आफ्नो विहार बनाई एउटै ठाउँमा बस्ने परम्परा भइसक्यो । भिक्षुहरू नभएको विहारहरूमा जाने चलन हराएर गएछ ।

नयाँ सहभागी- बुद्ध शिक्षा सम्बन्धि पुस्तक अध्ययन गर्दा मैले बुझ्न नसकेका विषयहरू भेट्टिन्छन्। दु:खको कारण तृष्णा ३ प्रकारका छन् काम तृष्णा, भव तृष्णा र विभव तृष्णा । यस विषयमा अर्थ स्पष्ट हुने गरी बुझ्न पाए बेश हुने थियो ।

आयोजक - ज्यादै राम्रो र गम्भीर प्रश्न सोध्नु भएको छ यहाँले त । काम तृष्णा शब्दले पञ्च इन्द्रिय (आँखाबाट रूप, कानबाट शब्द, जिब्रोबाट रस, नाकबाट गन्ध र शरीरबाट स्पर्श) बाट उपभोग गर्ने भौतिक इच्छालाई जनाउँछ। सारा समाज यी पंचकाम अर्थात् पाँच प्रकारका इच्छाको जालमा फँसेका छन्। पंचइन्द्रिय सुख भोगको लागि नै मानिसहरू परिश्रम र मेहेनत गर्ने गर्छन्। काम तृष्णाको संक्षिप्त अर्थ यही हो ।

भवतृष्णा भनेको बारम्बार अर्को नयाँ जन्म लिई सुखभोग गर्ने इच्छालाई जनाउँछ । त्यसलाई शास्वत दृष्टि अर्थात् आत्मा नित्य मान्ने दृष्टि भनिन्छ ।

विभव तृष्णा - यो उच्छेद दृष्टिसंग सम्बन्धित छ । बाँचुन्जेल मोज मस्ति गरी भौतिक सुख भोग्ने । अरुलाई दु:ख दिएरै भए पनि आफू सुखी बन्ने उपाय सोच्ने । मरि सकेपछि फेरि जन्म लिनै पर्दैन भन्ने विश्वास लिई राम्रो काम गरेपनि नराम्रो कर्म गरे पनि त्यसबाट केही फल भोग गर्नु पर्दैन भन्ने विश्वास लिने ।

भिक्षु सुदर्शनको अन्तिम संदेश-

एकजनासहभागी- भिक्षु सुदर्शनबारे केही जान्न पाए हुन्थ्यो ।

भिक्षु सुदर्शन यस संसारमा अहिले हुनुहुन्न । उहाँ कसैसित नसोधी जसरी आउनु भयो त्यसरी नै कसैलाई केही नभनीकन जानु भयो । तीन दिन सम्म कीर्तिपुर नगर मण्डप विहारमा उत्तानो पार्दै उहाँको पार्थिव शरीर अन्तिम श्रद्धाञ्जलीको लागि राखियो ।

उहाँको सन्देश यसरी रहेको थियो - दर्शकवर्गहरू ! सबैजना म जस्तै उत्तानो परी संसार त्यागेर जानु छ । आफुसंग लिएर जाने केही छैन । राम्रो र नराम्रो काम मात्र संगै लिएर जानु छ । अन्तिम अवस्थामा आफूले गरेको राम्रो र नराम्रो काम खूब सम्झना हुँदो रहेछ । राम्रो काम सम्झँदा मनमा आनन्द हुन्छ भने नराम्रो काम सम्झँदा आत्मग्लानी हुन्छ ।

हजारौं श्रद्धालुहरू मप्रति श्रद्धाञ्जली अर्पण गर्न आएका छन् । त्यसमध्ये मलाई गाली गर्नेहरू पनि आएका छन् । त्यो देखेर मलाई हाँसो पनि उठ्छ, दया पनि लाग्छ ।

सहभागी- पार्थीव शरीरलाई यसरी दुई तीन दिन सम्म प्रदर्शन गर्नुको तात्पर्य के होला ? के यो बौद्ध सँस्कृती हो ?

आयोजक - सँस्कृती भन्नु भन्दा पनि यो श्रद्धा भक्तिको कुरो हो । अर्थात् लोकाचार हो । यसले मानिसहरूको मनमा एकदिन सबै यसरी मरेर जानुपर्छ भन्ने चेतनालाई जगाइदिन्छ । मानिसको राम्रो कामको यसरी सम्मान गर्दो रहेछ भन्ने कुरा प्रष्टाउँछ । तर हजारौं मानिसहरूको श्रद्धा भक्तिलाई नेपाल टि.भि संचारले भने त्यति ध्यान दिएको देखिएन ।

# धर्मकीर्ति रनिङ्ग शील्ड हाजिर जवाफ प्रतियोगिता

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा दोश्रो अन्तर निम्न माध्यमिक विद्यालय बौद्ध हाजिर जवाफ प्रतियोगिता भाद्र ११ देखि १५ सम्म संचालन हुन गइरहेको छ ।

कक्षा ५ देखि ८ सम्मका कलिला विद्यार्थीहरूमा बुद्ध शिक्षाको अध्ययनले मानविय गुण तथा सफल व्यक्तित्त्वको विकासमा सकारात्मक प्रभाव पार्ने उद्देश्यले उक्त प्रतियोगिता आयोजना गरिएको हो । समय समयमा सम्पन्न प्रतियोगितामा भएको उत्साहवर्धक सहभागिताबाट प्रेरित भई गतवर्ष देखि 'धर्मकीर्ति रनिङ्ग शिल्ड" स्थापना गरी यसलाई निरन्तरता दिइएको हो ।

गतसाल १० वटा विद्यालयहरू सहभागी रहेको थियो भने यसपाली १९ वटा विद्यालयहरूले सहभागी हुनको लागि नाम दर्ता गराइसकेका छन् ।

विद्यालयहरुको नामावली यस प्रकार रहेका छन्-

१) शान्ति शिक्षा मन्दिर मा.वि., ठँहिटी
२) बालसेवा मा.वि., भोछ्र्यें ।
३) कान्ति इश्वरी राज्य लक्ष्मी मा.वि., प्याफल ।
४) बोधिसत्त्व इङ्गलिस स्कुल, वटु ।
५) गीता माता मा.वि. विजेश्वरी ।
६) परोपकार आदर्श उच्च मा.वि. भिमसेन स्थान ।
७) अन्नपूर्ण उच्च मा.वि. इन्बहाल ।
८) दरवार हाइस्कुल, रानीपोखरी ।
९) विश्व निकेतन उच्च. मा.वि., त्रिपुरेश्वर ।
१०) भक्त विद्याश्रम मा.वि. रक्तकाली ।
११) नेपाल आदर्श मा.वि. गणवहाल ।
१२) दीप ज्योती आवासिय मा.वि. ।
१३) प्रभात मा.वि. श्रीघ: नघल ।
१४) नेचर बोर्डिङ्ग स्कुल गोगं:बुं ।
१५) श्री कन्या मा.वि.यट्खा ।
१६) प्रवल अंग्रेजी मा.वि. भिमसेन स्थान ।
१७) आनन्द कुटी विद्यापीठ स्वयम्भू ।
१८) जुद्धोदय पब्लिक स्कुल ।
१९) जगत सुन्दर ब्वनेकुठी, च:मति । (चागल)

# धम्मपद–११

-रीना तुलाधर

'परियत्ति सद्धम्म कोविद'

**सब्ब पापस्स अकरणं - कुसलस्स उपसम्पदा**
**सचित्त परियोदपनं - एतं बुद्धानुसासनं**

अर्थ- सबै पापकर्म नगर्नु, कुशल कर्म गर्नु, आफ्नो चित्त परिशुद्ध गर्नु, यही नै पहिले देखि बुद्धहरूको उपदेश हो ।

**खन्ती परमं तपो-तितिक्खा**
**निब्बानं परमं वदन्ति बुद्धा**
**नहि पब्बजितो परुपघाती**
**समणो होति परं विहेठयन्तो**

अर्थ- क्षान्ती र सहनशीलतालाई परम तपस्या भन्छिन । बुद्धहरूले निर्वाणलाई नै श्रेष्ठ भन्नुहुन्छ । अरुमाथि घाट गर्नेलाई प्रव्रजित भनिन्दैन । अरुलाई पीडा नदिनेलाई श्रमण भनिन्छ ।

**अनूपवादो अनूपघाटो-पातिमोक्खे च संवरो**
**मत्तञ्ञुता च भत्तस्मिं-पन्थञ्च सयनासनं**
**अधिचित्ते च आयोगो-एतं बुद्धानुसासनं**

अर्थ-कसैको निन्दा नगर्नु, कसैलाई घाट नगर्नु, भिक्षु नियम पालना गर्नु, भोजनमा संयमित हुनु, एकान्तमा बास गर्नु, ध्यानमा मन लगाउनु, यही नै बुद्धहरूको उपदेश हो ।

घटना - भगवान बुद्ध जेतवन विहारमा बस्नु भएको बेला एकदिन भिक्षु आनन्दले पूर्व बुद्धहरूको उपदेशको सम्बन्धमा गरेको प्रश्नको जवाफमा बुद्धले उपरोक्त गाथाहरू भन्नुभएको थियो ।

एकदिन भिक्षु आनन्द दिवा समयमा बस्ने स्थानमा बसेर चिन्तना गरे- "तथागतले पूर्व बुद्धहरूको नाम, उहाँहरूको आमाबाबुको नाम, आयु प्रमाण, बोधिज्ञान प्राप्त गरेको वृक्ष, श्रावकहरू, प्रमुख शिष्यहरू तथा प्रमुख उपासकहरूको बारेमा भन्नु भयो । तर उहाँले पूर्व बुद्धहरूको उपोसथ व्रतको बारेमा केही भन्नु भएन । पूर्व बुद्धहरूको उपोसथ व्रत अहिलेको जस्तै हो वा भिन्नै हो ।" मनमा यस्तो सोची भिक्षु आनन्द बुद्धकहाँ गएर यसकै बारेमा सोध्न गयो ।

भगवान बुद्धले भन्नु भयो- "पूर्व बुद्धहरूको उपदेशको गाथा उही हो, मात्र समय अवधि फरक छ । विपस्सी बुद्धले सात वर्षमा एक दिन उपोसथ तोक्नु भएको थियो । एकदिन दिएको उपोसथ उपदेश सात वर्षलाई पर्याप्त हुन्थ्यो । सिखी र वेस्सभू बुद्धले छ: वर्षमा एक पटक, ककुच्छन्द र कोनागमण तथागतले वर्षको एक पटक, काश्यप तथागतले छ: महिनाको एक पटक अववाद उपदेश दिनु हुँदा पर्याप्त हुन्थ्यो ।" अत: गौतम बुद्धले पूर्व बुद्धहरूको उपोसथ (अववाद उपदेश) समान नै हो, मात्र समय भेद छ भनीकन भिक्षु आनन्दलाई सम्झाउनु भयो र उपरोक्त गाथाहरू भन्नुभयो । ●

## श्रद्धाञ्जली सभा

बौद्ध विद्वान श्रद्धेय भिक्षु सुदर्शन महास्थविर दिवंगत हुनु भएकोमा विभिन्न संघ संस्थाहरूले श्रद्धाञ्जली सभा सम्पन्न गरेको समाचारहरू प्राप्त भएका छन् ।

**नगर मण्डप, श्रीकीर्ति विहार,**
२०५९ श्रावण २०

धर्मोदय सभाको संयोजकत्वमा विशिष्ट बौद्ध संघ संस्थाहरूको संयुक्त आयोजनामा दिवंगत भिक्षु सुदर्शन महास्थविरको पुण्य स्मृतिमा श्रद्धाञ्जली अर्पण गरी शोकसभाको आयोजना गरिएको छ ।

**स्थान - बेनी**

म्याग्दी बौद्ध संघ बेनीले पनि दिवंगत भिक्षु सुदर्शन महास्थविरको पुण्य स्मृतिमा श्रद्धाञ्जली अर्पण गरेको समाचार छ ।

**दिल्लागा, द्वादसी, ने.सं. ११२२**

यसरी नै सम्यक बोधिसमाजको आयोजनामा दुर्गालाल शिल्पकारले श्रद्धाञ्जली सभा उद्घाटन गर्नुहुँदै दिवंगत भिक्षु सुदर्शन महास्थविरको व्यक्तित्व र देन उल्लेख गर्नु भएको थियो । सभामा आ-आफ्नो मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो-हर्षमुनि शाक्य, पूर्णकाजी ताम्राकार, डा. सानुभाई डंगोल र डा. लक्ष्मण शाक्य ।

पद्मरत्न तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको उक्त सभामा श्रद्धाञ्जली व्यक्त गर्नुहुने अन्य महानुभावहरू यसरी हुनुहुन्थ्यो - भुवन रत्न कसा:, विपेन्द्र महर्जन, इश्वरी दास मधिक:मि, ज्ञानमान शाक्य, देव रंजित, जनकसिं मानन्धर विजय बज्राचार्य र अमर स्थापित आदि ।

# धम्मवती गुरुमां र गुरु पूर्णिमा

*–विजय लक्ष्मी शाक्य, इतुंबहाल*

भिक्षुणी धम्मवती (गुरुमां) को गृहस्थ जीवनको आफ्नै भाई श्री मोती काजि शाक्यले नेपालीमा रूपान्तरण गर्नु भएको पुस्तक स्नेही छोरी पढिसके पछि यस्तो ब्रह्म विहार गुणले युक्त नारी हाम्रो जस्तो समाजमा विरलै जन्मन्छन् होलान् जस्तो लाग्यो । यसरी बुद्ध धर्म प्रति, श्रद्धा, भक्ति र विश्वासले ओतप्रोत नारी हृदय भएकी छोरी त्यस परिवारको मात्र स्नेही छोरी नभइ समाज अनि सिंगो नेपालकी स्नेही बन्ने हुन्छन् भनेमा केही अतिशयोक्ति नहोला ।

हुन त समाज विभिन्न संस्कृति, भेष, भाषा, भूषा, संस्कार, धर्ममा आधारित हुन्छन भने त्यसलाई अनुसरण गर्ने मानिस पनि आ-आफ्नो संस्कार अनुसार नै विभाजित हुने गरेको हुनु पर्दछ । तर पनि उहाँको सन्दर्भमा भन्नु पर्दा बुद्धले प्रतिपादन गर्नु भएको चतुरार्य सत्यलाई सरसर्ती हेर्दा दुख सत्य अन्तर्गतको-दु:ख, विपरिनाम धर्मबाट हुने दुख र साँस्कारिक दु:खलाई सजिलै बुझ्न सक्ने क्षमता हामी साधारण मानिसको मस्तिष्कमा नहुन पनि सक्छ । तर उहाँले बच्चै बेलादेखि त्यसलाई बुझिसक्नु भइ गृह त्याग्ने अठोट गर्नु भयो ।

'एकं एव चरे धम्मं' लाई अनुसरण गरी गहन बुद्ध शिक्षा प्राप्तिको लागि बर्मा जानु भई आज त्यही त्याग, तपस्या र उहाँको धर्म प्रतिको बलिदानले नारी समाजमा उहाँको प्रभाव कम वेसी धेरैमा पाइन्छ । उहाँले बुद्ध धर्म फैलाउने प्रयासमा शुरु देखि नै कति समस्या झेल्नु पऱ्यो होला, मार रुपी भनाइ कति सहनु भयो होलान् त्यो त आफ्नै ठाउँमा छ । उहाँ एक जनाले आचरण गर्नु भएको यस धर्मले हाम्रो घर समाजलाई प्रभावित पार्दै लगेको हामी देखिरहेका छौं ।

यसै सन्दर्भमा उहाँले विभिन्न संस्कार भएका मानिसहरू नारी होस वा पुरुष, उपासक होस वा उपासिकाहरूलाई विभिन्न कार्यक्रमहरू शिक्षाको क्षेत्रमा, स्वास्थ्यको क्षेत्रमा, सामाजिक सुधारमा टेवा दिन ऋषिणी, अस्थाइ प्रवजित प्रथाहरूको संचालन गर्नु भइ यस धर्मलाई फैलाउने जुन कोशिश गर्नु भयो त्यस्मा होस्टेमा हैंसे गर्नेहरू धेरै छन् । एक हातले तालि नबज्ने हुनाले यसको श्रेय भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूमा नै जान्छन् ।

उहाँको गृह त्यागको वेला आफ्नै परिवारको सदस्यहरू मध्येबाट कसैले रोक्न खोज्ने, कसैले प्रोत्साहन दिएको सन्दर्भमा हामीले बुझिरहेका छौं कि एउटै घरमा त विभिन्न संस्कारवाला व्यक्तिहरू हुन्छन् भने यो समाजमा मानिस पिच्छे संस्कारित ब्यक्तिहरू हुन सक्छन् । उही आफ्नो-आफ्नो संस्कार अनुसार नै धम्मवती गुरुमांलाई पनि उहाँ भिक्षुणीको रूपमा चिर परिचित भए पनि विभिन्न रूपले चिन्ने गर्दछन् होलान् त्यसमा सकारात्मक, नकारात्मक वा तटस्थ पनि हुन सक्छन् ।

उहाँहरूको प्रयासमा स्थापना भएको लुम्बिनीको गौतमी विहारमा केही दिन रहँदाको एक घटना वा दृष्यको सम्झना आउँदछ । गौतमी विहारको जन्म महारानी प्रजापती गौतमी, भगवान बुद्धको आमाको स्मरणमा भएको थियो जसले सिद्धार्थ गौतमलाई गौतम बुद्धको नाममा संसारलाई चिनाइ दिनु भयो, जसले आजको इच्छुक नारीहरूलाई पनि आफ्नो अथक प्रयासले प्रव्रजित जीवन बिताउन सक्ने तुल्याइ दिनु भयो, जसले नारीहरू पनि पुरुष सरह निर्वाणिक पद पाउन सक्षम छन् भन्ने ज्वलन्त उदाहरण भई देखाउनु भएको थियो ।

यदि प्रजापति गौतमीले त्यस्तो बलिदान नगर्नु भएको भए गृहस्थ नाम गणेश कुमारी शाक्य आज भिक्षुणी धम्मवतीको रूपमा चिनिने थिएन, त्यस अधिकारबाट वन्चित नै हुने थियो होलान् । घर गृहस्थी सम्हाल्ने नारीहरू यस क्षेत्रमा जानु, यस धर्मलाई बुझ्नु र अनुसरण गर्न पाउनेबाट वन्चित नै रहनु पर्थ्यो होला ।

गौतमी विहारमा केही दिन ऋषिणी भइ बस्दा अरुहरू पनि थिए । त्यसमा बच्चा बच्चीहरू पनि बोकेर आएका उपासिकाहरू पनि संलग्न थिए । एकदिन बच्चीले विहारको कोठा वाहिर नै आचि गरि दिएछ । आमा चाहिंले पिशाव त होनी भनी ठानी होली पुछ्ने काम पनि गरेनन् । त्यस्तैमा गुरुमांले देख्नु भयो र बाध्यतावस भन्नुपऱ्यो सफा गर । जसबाट बच्चाको आमाले टर्रो वा नमिठो अनुभव गरिन् ।

अनि एकजना साथीले सोधे के गुरुमांहरू यसरी कडा हुन्छन् ? के यो गुरुमांकै मात्र विहार हो ? आदि ।

मलाइ लाग्यो यस्तो घटना गुरुमांको जीवनमा कति आयो र गयो पनि होलान् । कुन उद्देश्यले हामीहरू त्यहाँ गएका थियौं, त्यो त आफ्नै ठाउँमा थियो । त्यहाँ पनि एक हातले तालि बजेन । त्यत्रो ठूलो ठाउँमा आमा चाहिंले कतै एक ठाउँमा वा चर्पीमा लगेको भए त्यस्तो वातावरण पनि सृजना हुने थिएन । त्यस सम्बन्धमा आफ्नो आफ्नो संस्कार अनुसार अनुभव गर्ने र बुझ्नु पर्ने वातावरणको सृजना भइदियो । यो त मात्र सानो घटनाको रूपमा लिन सकिन्छ ।

हुन त कुनै पनि राष्ट्रको बनावट र यसको उन्नति अवन्नति त्यस देशको अनेक पक्षमा आधारित हुने हुन्छन् । जुनसुकै क्षेत्रमा पनि व्यक्ति नै प्रमुख हुने हुनाले र 'धर्म' व्यक्ति प्रधान भएको कारणले क्रियाशील व्यक्तिले यसलाई कुशल, अकुशल, सकारात्मक वा नकारात्मक पक्षमा मोड्न सक्ने हुन्छन् भने समाजको कुनै पनि पक्षमा व्यक्ति कै ठूलो भूमिका हुने गर्दछ । त्यसैले यसको प्रभाव अरु क्षेत्रहरूमा पनि पर्ने हुन्छन् ।

२५४५ वर्ष अगाडी देखि दूरदर्शी भगवान गौतम बुद्धले उपदेशित पंच शील, चतुर्रार्य सत्य आर्य आष्टङ्गिक मार्ग रूपी दर्शनहरू वा उपदेशहरू बुद्धको शिक्षा, धर्मका रूपमा संघको रूपमा प्रतिपालन हुँदै आए होलान् जुन एकातिर आजको २१ औं शताब्दीमा झन महत्वपूर्ण भएको देखिन्छ । भने अर्कोतिर यसलाई व्यावहारिक रूप दिन यो आधुनिक, वैज्ञानिक, विकसित संसारमा प्रायः कठिन परिस्थितिको समय पनि भएको देखिन्छ ।

तर पनि यस पथमा जान चाहनेहरूलाई भगवान् बुद्धले आफूलाई मार्ग दर्शकको रूपमा सिमित राखि उपदेश दिनु भएको थियो-

"तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागता ।"

धर्म अनुसरण गर्ने व्यक्तिकै हातमा छ, तप गर्ने व्यक्तिकै हातको कुरो हो । तथागतले त आख्यान मात्र गर्नु हुन्छ ।

त्यस्तै तथागत भगवान बुद्धले अमृत वचन रूपी उपदेश दिई प्रेरित पार्नु हुन्थ्यो-

"सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा ।
सचित्त परियोदपनं एतं बुद्धानु सासनं ।"

भूत भविष्यलाई छोडी वर्तमान समयमा शुद्ध चित्तले कुशल कार्य गर्नमा नै बुद्धको शासन लक्षित छ ।

हुन त धम्मवती गुरुमांको धर्म प्रतिको समर्पण जस्तो कुशल कार्यमा संलग्न व्यक्तिको सामुन्ने बाधा अवरोध, विरोध, वाद विवाद आउँदैन भन्न सकिंदैन । तर पनि बुद्ध धर्म र संघलाई बुझ्न सक्ने संस्कारवाला व्यक्तिहरू उत्पन्न भएमा साँचैको 'सच्चा शान्ति व्याप्त विहार, परिवार, समाज अनि राष्ट्रको परिकल्पना गर्न सकिने हुन्छ ।

यस्तो उच्च तथा पवित्र उद्देष्य लिई, अठोट लिइ, प्रयत्नरत करुणाकी मूर्ति धम्मवती गुरुमांले गुरु पूर्णिमा जस्तो पवित्र समयको अवसर पारी अभिधर्म जस्तो दुर्लभ ग्रन्थ श्रवण गर्न लगाई धार्मिक वतावरण सृजना गरी, गर्न लगाइ, सबैको कल्याणको कामना गर्ने, गराउनमा सदा सक्रिय रहने गुरुमांको ६८ औं जन्म दिनको उपलक्षमा उहाँको निरोगी तथा दिर्घायुको कामना गर्दछु ।

भवतु सब्ब मंगलं ।

## अनुशासन गर्नुछ

भिक्षु संघरक्षित-संघाराम

अरूलाई अनुशासन गर्नुछ भने,
सर्वप्रथम आफै अनुशासित बन्नुपर्छ ।
अरूलाई मार्गनिर्देशन गर्नुछ भने,
सर्वप्रथम आफै सही मार्गमा लाग्नुपर्छ ॥

आफू नै आफ्नो मालिक हो,
आफ्नो मालिक अरू को हुन सक्ला ।
स्वयंलाई दमन गर्न सके,
दुर्लभ स्वामित्व यहाँ प्राप्ति होला ॥

आफ्नो पापले आफैलाई पोल्ने,
मूर्खजनको कृत्यले स्वयंलाई पिरोल्छ ।
सहज छ अकुशल कर्म गर्ने,
कुशल कर्म गर्न बडो गाऱ्हो छ ॥

आफ्नो पापकर्मले आफै अपवित्र,
हुन्छ आफ्नो पुण्यले आफै शुद्ध पवित्र ।
कसैले कसैलाई पार्दैन अपवित्र,
शुद्धि अशुद्धि हुने कर्म आफ्नै द्वारभित्र ॥

अरूलाई राम्रो बनाउनु छ भने,
सर्वप्रथम आफै राम्रो बनी देखाउनुपर्छ ।
अरूलाई अनुशासन गर्नुछ भने,
सर्वप्रथम आफै अनुशासित बन्नुपर्छ ॥

स्रोत : अत्तवग्गो, धम्मपद

# बुद्ध धर्म प्रार्थना

*– धर्म रत्न यमि*

त्रिरत्नको शरणमा गई हामीले निर्वाण पद छिटै प्राप्त गर्न सकौं । दान गरेको पुण्यले लोभ नाश होस्, शील पालन गरेको पुण्यले द्वेष नाश होस् र भावना गरेको पुण्यले मोह नाश होस् । दान शील भावना बृद्धि गर्न सकियोस् । यो संसार त दुःखको खानी रहेछ । दुःखको नाश गर्नको लागि ज्ञानी बन्न पर्‍यो । संसार चक्रबाट छुटेर जानको लागि चतुआर्य सत्यलाई बुझ्न सकियोस् मिथ्यादृष्टिकहरूको संगतमा नपरोस्, सम्यकदृष्टि कुलमा मात्र जन्मियोस् । जहाँ जन्मिए पनि, जुनसुकै जुनीमा जन्मिए पनि बुद्ध धर्ममा दृढ चित्त भएको हुन सकुँ । अन्धविश्वासमा कहिले पनि नफँसियोस् । बुद्ध मार्गमा बढ्न सकुँ । जहाँ जन्मिए पनि धर्म प्रेमी साथीहरूको मेलजोल भइरहोस् । छुट्टिएर बस्न नपरोस् । अत्याचार वृद्धि हुने अवस्थामा पापीहरूको समूहमा जन्मन नपरोस् । अहिले कै गौतम बुद्धको शासन छउञ्जेल शुद्ध मार्ग अनुशरण गरी राम्रो फल पाउन सकुं । यदि त्यति गर्न नसकिए पनि मैत्रिय बुद्ध जन्मनु हुँदा मनुष्य भएर जन्मन पाउँ । उहाँको धर्मलाई (शिक्षालाई) बुझेर त्यही जन्ममा निर्वाण (मुक्ति) प्राप्त गर्न सकुँ ।

माथि उल्लेखित गीत सार संक्षेप व्याख्या ज्ञानमाला गीतको हो ।

यस प्रार्थना भित्र कुनै कमी देखिदैन । हाम्रो यी प्रार्थना पुरा भएमा निश्चय पनि हामी सुखी हुनेछौं । यो पंक्ती सानै हुँदा गीतको रूपमा सुन्न पाएको थिएँ । त्यसवेला मलाई यस्तो लाग्थ्यो- निर्वाण पद भनेको कसैले दिएर प्राप्त हुने चीज होला । तर यो एकदम गलत रहेछ । निर्वाण त आफैले प्राप्त गर्न सक्नुपर्ने शान्त र मुक्ति अवस्था रहेछ । सायद यसलाई गीत प्रार्थना शैलीमा रचिएकोले पनि यस्तो भ्रम श्रृजना भएको होला । पछि दान शील भावना रूपी पुण्य कार्य गर्नको लागि उत्साहित तुल्याइएको छ । हुनुपर्‍यो ज्ञानी भनी प्रज्ञा रूपी शस्त्र प्राप्त गर्नको लागि उत्साहित गरिएको छ । चतुआर्य सत्यलाई नवभुी, नभोगी सबै दुःखबाट मुक्त हुन नसकिने तथ्यलाई पनि प्रष्टाइएको छ । मिथ्यादृष्टिक अर्थात् गलत विचारधारा भएका मानिसहरूको संगत नै नहोस् भनी मूर्ख जमातसंगको जम्का भेट नहोस् भनी सचेत गराई जुनसुकै कुलमा जन्मे पनि ठीक दृष्टिकोण र विचारधारा भएको कुलमा जन्मन पाउँ भनी प्रार्थना गरि एको छ । बुद्धले देखाउनु भएको बाटो बाहेक अरू बाटोले दुःख हटाउन असम्भव भएकोले बुद्ध धर्ममा दृढ चित्त हुनसक्ने कुलमा जन्मन पाउन प्रार्थना गरिएको छ । अन्धविश्वास सबभन्दा ठूलो घोखा हो । त्यसैले यस्तो धोखामा नफसी शुद्ध प्रगतिपथमा लम्कन पाउँ भनी प्रार्थना गरिएको छ । त्यतिमात्र होइन धर्मप्रेमी साथीहरू एक आपसमा मेलमिलाप गरी अघि बढ्न पाउने आशा राख्ने भन्नु नै एकता नै बल हो भन्ने कुर लाई प्रष्टाइएको छ । यसरी नै अत्याचार बृद्धि हुने अवस्थामा पापीहरूको समूहमा जन्म लिन नपरोस् भन्नुको तात्पर्य कतै रचनाकारको त्यस काल्पनिक कुसमय अहिले आएको हो कि भन्ने शंका उब्जिन थाल्छ । हाल हाम्रो अगाडि शान्ति अमन चैन हराउँदै गएको छ, सुख शान्तिको कतै गुन्जाइस छैन । तापनि हामी पूर्ण निरूत्साहित हुन हुँदैन । कम्तीमा साँचो हीतको कामना र प्रार्थना भएपनि गरी सम्यक दृष्टिको साथ लागी अघि पढ्न परेको छ ।

यस पंक्तीमा अलि विवादास्पद कुरा के छ भने यहाँ बुद्ध शासन छउञ्जेल भनी तोकीएको छ । तथागत गौतमको शासन बाकी छ कि सकियो ? मेरो विचारमा त बुद्ध शासन बाकी नै छ अझ । अझ धेरै समय यसलाई टिकाइराख्नको लागि हामी जस्ता सद्धर्म प्रेमीहरूको ठूलो हात रहन्छ । यो कुनै रहस्यमय नागमणी जस्तो हेरेर छोएर थाहा पाउन सकिने भौतिक बस्तु होइन । यो त आफ्नो भित्री मनले बुझेर भावना र तपको बलले मोह अज्ञान र अन्धकार हटाउनु पर्ने कार्य हो । यथार्थमा बुद्ध शासन बाँकी रहेकोमा कुनै शंका छैन । यदि बुद्ध शासन नभएको भए हामीले यति धेरै राम्रा गहन विषयहरूमा चिन्तन मनन गरी शान्ति अनुभव गर्न सम्भव नै थिएन । अझ भन्ने हो भने त नेपालमा बुद्ध शासन पुनरुत्थान भइरहेको छ । किनभने हाम्रो अगाडि बुद्धका शिष्य शिष्याहरू भिक्षु भिक्षुणीको रूपमा रही नियम पालन गरिराख्नु भएको छ । हामीले सहजै त्रिपिटकका थुप्रै पुस्तकहरू अध्ययन गर्न पाइरहेका छौं । त्यसैले बुद्ध शासन छ कि सकियो भनी अलमलिरहनु भनेको आफुले आफैलाई झमेलामा फँसाउने कुरा हो । त्यसैले हामी नचाहिने कुरामा नअल्झी कुशल कार्य सम्पादन गर्दै सम्यक दृष्टी प्राप्त गर्नको लागी कर्त्तव्य पालन पथ तिर लम्कौं । नकारात्मक होइन सकारात्मक विचार धारालाई अंगाली यस भक्तिगीतमा कामना गरे जस्तै हामी सबै मिली आफ्नो जीवनलाई निर्वाण प्राप्ती तर्फ लम्काऔं । यस गीतका रचनाकार अति बुद्धिमान, प्रज्ञावान् सम्यकदृष्टि ज्ञाता भएकोले उहाँकै तर्फबाट ज्ञानमाला गीतका गहिरा भावहरू बुझ्न पाए अझ बेश् हुने देखिन्छ ।

**"चिरं तिट्ठतुसद्धम्मो लोकोहोतु सुखी सदा"**

# बौद्ध वाङ्मयको शब्दमा बुद्धको जन्म

*-भिक्षु सुदर्शन महास्थविर*

बुद्धको उपदेश, धर्म र दर्शन सम्बन्धि बौद्ध वाङ्मय जति विशाल छ, त्यति नै बुद्ध विषयक वाङ्मय स्वल्प छ। यसको मूल कारण हो यत्रतत्र प्रसंगको रूपमा, संवेग-स्मरणका रूपमा, प्रेरणाका रूपमा उदान रूपमा मात्र बुद्धबाट आफ्ना बारेमा भन्नुभएको यथार्थता । यी आंशिकरूपमा बुद्धबाट आफ्ना वारेमा भन्नु भएका कुराहरू पाली त्रिपिटकमा छरिएका छन् । बुद्धको जीवनी प्रसंग सम्पादन गर्दै शुरुमा सिद्धार्थको जन्म देखि बुद्धत्त्व प्राप्त वा धर्मचक्र अर्थ प्रवर्तन सम्मको बुद्ध जीवनी बनेको थियो । जातक कथाको दूरे निदान (टाढाको वर्णन) र अविदूरे निदान, ललितविस्तरको २७ परिवर्तबाट धर्मचक्र प्रवर्तन सम्मको वर्णन यसको प्रमाण हो । वास्तवमा बुद्धको ४५ वर्षसम्मको गाउँ-गाउँ, नगर-नगर, जनपद-जनपद र देश-देशको चारिका एवं उपदेश र धर्मानुशासनको वर्णन सम्भव साध्य पनि छैन ।

बुद्धको जीवनी बारेमा उपलब्ध प्राचीन बौद्ध वाङमयहरूमध्येमा केही महत्त्वपूर्ण वाङमयको बुद्धको जन्म प्रसंगको अनुवाद २५४६ औं बुद्ध जयन्तीको उपलक्षमा पाठकहरूमा प्रस्तुत छ;

**१. जिन महानिदानको शब्दमा**

जिनमहानिदान पाली भाषाको एक पुरानो बुद्ध जीवनी हो । यसको लेखक वा सम्पादक को हो ज्ञात छैन । सरल र सरस भाषामा यसको सम्पादक समय इशापूर्वमा भएको देखिन्छ । जिनमहानिदान अनुसार सिद्धार्थको जन्म प्रसंग यसप्रकार छ । दश मासको गर्भ धारणा गरेर महामाया देवीले ज्ञातृगृह (ञाति गहं) जाने इच्छा राजामा बिन्ति गरिन् । अलंकृत सुवर्ण शिवी (पालकी) चढी जाँदा देवदह भन्दा अविदूर (टाढा नभएको) ठाउँमा रहेको लुम्बिनी सालवन देख्नुभयो । उद्यानमा विचरण गर्न मन लागेर देवी लुम्बिनी वन पस्नुभयो । उद्यानभित्र पुग्दा देवीको काय दुर्वल भयो । अनि शाल शाखा समाउन चाहिन् । साल शाखा झुकेर तिनको हात नजिकै पुग्यो । त्यही बेला देवीलाई कर्मजवायु (कम्मण वात) चल्यो । धर्माशनवाट ओर्ले जस्तै निवेसनबाट ओर्ले जस्तै दुवै खुट्टा फैलाएर उभिएकै आमाको कोखबाट (अशुचिवाट) निर्लिप्त भई निस्किनु भयो । त्यही बेला आकाशबाट देवले उष्ण र शीत जल धारा खन्याए ।

**२. बुद्धचरितको शब्दमा**

"बुद्धचरित" भदन्त अश्वघोष महाकविको रचना हो र उनी कनिष्क राजाकालीन हुन । बुद्धचरितको शब्दमा वंशश्री रूप गर्भधारण गरेर रानी प्रातकालको प्राची जस्ती भइन् । शोक, मोह र क्लान्तरहित देवीले वन जाने इच्छा गरिन् । मनोहर ध्यानप्रद देव वन भन्दा कम नभएको लुम्बिनी भन्ने वनमा निवास गर्ने इच्छा भई



देवीले आफ्नो पतिलाई विन्ती गरिन् । गर्भअनुसार दोहद (गर्भकालीन विशिष्ट इच्छा) हुन्छ । राजा आर्यभाव धर्मलाई बुझेर नन्दित भए । रानीको इच्छा विघात भए अनिष्ठ हुन्छ भनी आशंका गरेर रानीलाई प्रसन्न पारेर तुरुन्त लुम्बिनी वन प्रस्थानको प्रबन्ध गरिदिए । राजपत्नी प्रशुव काल नजिक सम्झेर त्यस शोभायुक्त वनमा वितानभित्रको शैयामा गइन् । त्यसबेला निर्मल पुष्प नक्षत्र प्रगत भयो । (शील व्रतबाट) सुसँस्कृत (देवीको) पार्श्वबाट लोक हितार्थ पुत्र उत्पन्न भए । रानीलाई वेदन भएन । निरामय (असञ्चो अप्ठेरो) भएन। अनेक कल्पको कृत पुण्यबाट सम्प्रजन्य (चित्त)० को साथ पवित्र अन्तस्करणको (बोधिसत्व) उत्पन्न भयो । सप्ततारा जस्तै सात पाइला हिंड्नु पऱ्यो। उनका पाइला अनाकुल, उन्नत, पूर्वाभ्यस्त, दीर्घ, पराक्रमयुक्त र धीर थिए । सिंहगतिका बोधिसत्त्वले चारदिशामा विलोकन गरी भव्य र सार्थक (रुपमा) भन्नुभयो- "जगतहित बोधिको लागि जन्मेको छु। भवमा मेरो यो अन्तिम उत्पत्ति हो। जुनेली जस्तै निर्मल, शीतल र उष्ण जलधारा आकाशबान् प्रसुवित भयो । सुखान्तराय शरीर स्पर्श गर्न सौम्य मस्तिष्कमा परे । यक्षपति गण हातमा स्वर्ण कमल लिई चारैतिर पालेको रूपमा उभिए । अतीत बुद्धहरूको सेवाबाट प्रसन्न हुने ठूलठूला सर्पहरूले धर्म विशेषको चाहना गर्दै बोधिसत्त्वमा व्यञ्जन हम्काइयो । भक्तियुक्त आँखाबाट हेर्दै मन्दार फूल बर्षाउनु भयो । विशुद्ध सत्त्व देवताहरू रागमा डुबेर दु:खित जनको हित निमित्त तथागतको जन्म भएबाट सन्तुष्ट भए । विनाबादल आकाशबाट चन्दन सुगन्धयुक्त रातो नीलो फूलको वर्षा भयो ।

३. अविदूरे निदानको शब्दमा

तेल भरिएको पात्र जस्तै महामाया देवीले बोधिसत्त्वलाई दश महिना कोखमा धारण गरेर माइतीजाने इच्छा गरिन् । शुद्धोदन महाराजसंग भनिन् देवकुलको देवदह नगर जान चाहन्छु । राजाले हुन्छ भनी कपिलवस्तु देखि देवदह नगरसम्म बाटो सम्याइ दिई अलंकृत गरी सुनको पालकीमा चढाइ पठाइदिए । दुबै नगरको विचमा नगरवासीहरूको लुम्बिनी भन्ने मंगल सालोद्यान थियो । लुम्बिनी बन चित्रलतावन जस्तै थियो । देवीको मनमा सालवन घुम्ने इच्छा भयो । सुन्दर सालमुनि गई सालको शाखा समाउन चाहिन् । त्यसैवेला प्रसव वेदना भयो । मानिसहरू वितान घेरेर आफै अलग भइदिए । साल शाखा समाउन चाहेकी महामाया देवी नजिक राम्ररी सिद्ध गरेको वेत जस्तै साल आफै देवीको नजिक आइपुग्यो । सालशाखा समाई उठिरहेकै समय गर्भ-उत्थान भयो, आमाको कोखको मलबाट पूर्णत निर्लिप्त । काशी देशको शुद्ध निर्मल वस्त्रमा राखेको मणिरत्न जस्तै बोधिसत्त्वले चार दिशा चार (कोण) दिशाहरू र माथिल्लो एवं तल्लो गरी दशवटा दिशामा अवलोकन गर्नुभयो । सात-सात पाइला हिंड्नुभयो । त्यसवेला महाब्रह्माले श्वेतछत्र देवताहरूले ताल-व्यञ्जन (पंखा) र अरु देवताहरूले ककुघ-भाण्ड (खड्ग, छत्र, पगडी र पादुकादि हातमा लिई हिंडे ।

४. ललितविस्तरको शब्दमा

बोधिसत्त्वकै तेजबाट रातको प्रथम प्रहरमा राजा शुद्धोदनकहाँ गइकन मायादेवीले भनिन- "अतिचिरकाल पछि उद्यान जान मन लाग्यो । यदि तपाईलाई रोष, द्वेष र मोह न भए म शीघ्रै क्रीडोद्यान भूमि जान्छु । वृक्षहरूमा श्रेष्ठ शालवृक्ष फुल्न लागेको छ ।" अनि प्रार्थिवेन्द्र (शुद्धोदन) बाट श्रेष्ठ गुणहरूबाट समृद्ध लुम्बिनी मण्डित गर्न आज्ञा भयो । लुम्बिनीलाई फूल र विभूषित गरियो । श्रेष्ठ रथमा मायादेवी एकलै बस्नु भयो । तदन्तर मायादेवी रथबाट ओर्लेर लुम्बिनी वनमा प्रदेश गर्नुभयो । रूखहरूको बीच बीचबाट घुमफिर गर्दै प्लक्ष (पकरिया) समीप पुग्नुभयो । बोधिसत्त्वको तेजानुभावबाट प्लक्षवृक्षले झुकेर प्रणाम गरे । मायादेवीले आकाशमा चम्किने बिजुली जस्तै (झट्ट) दायाँ हात फैलाएर प्लक्ष शाखा समाइन् । पूरा दश महिना विताएर बोधिसत्त्व आमाको कोखबाट गर्भ मलको फोहरबाट निर्लिप्त भई स्मृतिमान जागरूक भई जन्मनुभयो । त्यसवेला सामुन्ने उभिरहेका देवताहरू इन्द्र शक, सहम्पतिले दिव्य काशीमा बनेको रेशमी वस्त्रमा वोधिसत्त्वलाई ग्रहण गरे । बोधिसत्त्व उत्पन्न हुनेवित्तिकै पृथ्वीमा पदार्पण गर्न लागे । महापृथ्वी छिरेर महापुरुष प्रकट भए । नागराज नन्द र उपनन्दले आकाशमा आधा शरीरमा प्रकट भई शीत र उष्ण जलधारा सृष्टि गरी बोधिसत्त्वलाई नुहाईदिए । शक, ब्रह्मा र लोकपाल देवताहरूले बोधिसत्वलाई नाना प्रकारका सुगन्धित जलबाट स्नान गराए । अन्तरिक्षमा चामर र रत्नछत्र प्रकट भए । महापथमा उभिएर बोधिसत्त्वले चारै दिशामा देख्नुभयो । सात-सात कदम अघि बढी पूर्व दक्षिण र पश्चिम दिशामा म लोकमा जेष्ठ छु, म लोकमा श्रेष्ठ छु, म प्राणीहरूको वीचमा अनुत्तर छु भन्दै उत्तरतिर ७ कदम बढ्नुभयो ।

ललितविस्तरमा यस्तो पनि लेखिएको छ, आनन्द भविष्यमा कर्म भावना, चित्त भावना, शील भावना र प्रशान्त भावना मात्र गर्नेहरूले गर्भमलबाट मुक्त (अछुट) भइकन आमाको दायाँ कोखाबाट प्रकट भएको कुरा कसरी युक्तियुक्त हुन्छ विचार गर्नेछ ।

५. दल्वाको शब्दमा

महामायाले मनोहर लुम्बिनी उपवन हेर्न जाने इच्छा गरिन् । राजा शुद्धोदनले सुप्रबुद्धलाई "तपाइँकी छोरी लुम्बिनी उपवनमा बस्न चाहन्छिन् । अत: त्यसलाई अलङ्कारले सजाउनुहोस्" भनी खबर पठाए । कपिलवस्तुबाट पनि उक्त उपवनलाई सिंगार्ने काम राम्ररी गरे । रत्न जडेको एउटा पालकी वनाइयो । रानी महामाया हात्ती, घोडा, जवान (पैदल सेना) र रथहरू देवगणका साथै लुम्बिनी उपवनतर्फ प्रस्थान गरिन् ( अभिनिष्क्रमण सूत्र : दर्शन सौभाग्य) ।

महामायादेवीलाई लुम्बिनीमा घुमिरहँदा प्रसव वेदना भयो । झ्याम्म फैलिएको फुलैफुलको अशोक वृक्ष समाइन् । शककेतु (देवेन्द्र) ले मुसलधारा पानी पारी हावाहुरी चलाए । जनसमुदायको भीड हट्यो । इन्द्र धाइ आमा भई आइकन नजवात शिशुलाई लिन चाहिन् तर बोधिसत्वले तिनलाई पर जान भन्नुभयो । पूर्वतिर हेरेर भन्नुभयो "म निर्वाणमा पुग्छु; दक्षिणतिर हेरेर "म प्राणीहरूमा श्रेष्ठ छु, पश्चिम तिर हेरेर 'यो मेरो अन्तिम जन्म हो र उत्तरतिर हेरेर "म जन्म मरणको सागरलाई पार गर्दछु" भन्ने उद्गार प्रकट गर्नुभयो । सबै बुद्धहरूको जन्म बेलामा जस्तै उनको शीरमा चिसो र तातो जलस्रोत परे । उनलाई स्नान गराएको र उनको जन्म भएको ठाउँमा एउटा जलाशय प्रकट भयो, जसमा महामायादेवीले स्नान गरिन् ।

# हस्तकला ब्वज्या व धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

*- लोचनतारा तुलाधर*

गुरुपुन्हीया लसताय् वंगु बि.सं. २०५९ श्रावण ११ व १२ गते धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ग्वसाले धर्मकीर्ति विहारे छगू भव्यगु हस्तकला ब्वज्या जुल। बर्मी गुरुमां दोगुणवती (मा गुरुमां) नं उद्घाटन याना बिज्या:गु उगु ब्वज्याय् २५ गू स्टल (टेबिले) विभिन्न सहभागीपिं दु निगू विभिन्न सामानत दुथ्या: गथे कि काप:या बाय्ग, सिन्थेटिक बाय्ग, प्लाष्टिक झोला, दुरु म्हिचा (सितिंवंगुया) दयेका त:गु झोला, ढकी, तके याना त:गु काप:यागु अनेक सामाग्री, काप:यागु स्वाँ पेन्टीङ्गस्, उनया थाना त:गु सामान, ढलौट, सिंयागु किया त:गु सामान वह:यागु सामान, अचार पाउँ आदि आदि। अले छकू कुने न:लिपिं मय्जुपिसं मस्तय्गु ल्हा:तिई बुद्ध झण्डा, कार्टून आदि पेन्ट याना च्वंगु दु।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया आयोजनाय् जूगु हस्तकला ब्वज्या थ्व न्हापांगु पटक धा:सा अवश्य नं मखु। छाय् धा:सा नीन्यादँ नीखुदँ न्ह्योया अध्ययन गोष्ठीई लिहां वना स्वये बले अबले गोष्ठीया बुदिं बले 'ब्वज्या' जुइगु किपा झल्झल मिखाय् दं वइ। उगु बखते अध्ययन गोष्ठीया नियमित शुक्रवाया क्लास जुइगु नाप नापं मेगु हे छगू ई मिले याना: मागुरुमां नं गोष्ठीया दुज:पिन्त भ्वंया स्वां, पाउँ दयेकेगु, फेब्रिक पेन्टीङ्ग, चकलेट दयेकेगु आदि स्यना बिज्याइगु ख:। अले अनया दुज:पि जिपिं बिहारे तुं च्वना मागुरुमामं स्यना ब्यू थें क्रायप पेपर या स्वां दयेकेगु। उगु बखते बैंककया स्वां तक नं न्यायेगु मदुनि उकिं बिहारया स्वां खूब चू। अथे हे गुरुमामं स्यना बिज्या:थे दयेकेगु पाउँ नं साप सा:। फेब्रिक पेन्टीङ्ग नं थन चलन चल्ती मव:निबले हे मागुरुमामं स्यना बिज्या:गु ख:। अथे हे चकलेट दयेकेगु नं स्यना बिज्या:। हानं चकलेट प्व:चिना तैगु भ्वंतं नं गूरुमामं स्वां दयेका बिज्या:। अबले आ: थें उखें थुखें ट्रेनिङ का: वनेगु थाय् मदु। जिमिसं गुलि नं ज्या सयेका मागुरुमां पाखें सयेका। उकिं थुगुसी वस्पोलयात गूरुपूजा याये कथं थ्व ब्वज्या या आयोजना जुल।

ख ला ख: न्हापाया व आ:या ब्वज्याय् यक्व ह्यूपा: वल मवइ नं गथे नीन्यादँ स्वीदँया दुने मनू गनं गन थ्यने धुंकल। थुगुसी ब्वज्याय् सहभागी जूपिं सकसिनं थ: थ: हे सयेका त:गु उत्पादन प्रदर्शन व बिक्री याये ह:गु ख:। अले उगु सामान मिया: व:गु १०% दां गोष्ठीयात तयेगु या:गु ख:॥

आ: झी हस्तकला नाप नापं बुद्ध शिक्षा पाखें छक: वने। बुद्ध धर्मे दुवाला वनेबले झीसं आपालं हे व्यवहारीक शिक्षा लुइके फइ। अथे धयागु धर्म यायेगु धका: द्योया मूर्ति जक पुज्यानां झीत मगा:। भगवान बुद्धं मंगल सूत्रे कना बिज्या:गु दु "बाहु सच्चञ्च सिप्पञ्च एतं मंगल मुत्तमं" अर्थात् शिल्प विद्या सयेकेगु नं मंगल ख:। झीसं सयेका तयागु ल्हा:या ज्यां झीसं जीवन निर्वाह यायेत थ्यंक कमे याये मफुसां कमसेकम पिने वना: कर्किया ल्हा:तिं ज्या का: वने ला माली मखुला। थ:के दुगु समययात म्वा: मदुगु लीई लगे मजुइक मा:गुज्या कायेगु हे बुद्धया शिक्षा ख:। अर्थात् थौंया युगया माग नं व हे ख:। थुगु ब्वज्याय् खने दुगु मेगु पक्ष ब्वज्याय् ब्वति का:पिं सकलें हे मय्जुपिं ख:। थुकिं क्यना च्वन कि छेँय् च्वना च्वंपि मिसातसें छुं नं छुं क्रियटिभ ज्या याना च्वंगु हे दु। अले निग: प्यंग: हे थजु थ:गु हिच:तिया कमाइ दत धयागु गर्व याये थाय् दत। छुं मखुसां दान धर्म यायेत ला थ:गु मेहनतया कमाइ दत नि! अन्तय् जि नं छम्ह सहभागीया नातां जित: दुगु सन्तोष थ्व हे कि जिं थ:गु जीवनया गुगुं इले (मचा निसें) धर्मकीर्ति अध्ययन गोष्ठीई नियमित रूपं वना च्वनाया छुं नं छुं उपलब्धि अवश्य दत। बुद्ध धर्म सम्वन्धी शिक्षा काये खंगु व च्वसु च्वये सयेके खंगु ला जु हे जुल नाप नापं मागुरुमां थें जा:म्ह गुरुनाप सतिक च्वना शिल्प विद्या, आचरण आदि नं स्यनाकाये दत। त:दँ तक बर्माय् च्वना बिज्या:सां मागुरुमांया मतिना जलं जिमित सदां लुमुका त:गु ख:।

उकिं जि सदां सदां धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी प्रति आभारी जुया च्वना।



हस्तकला प्रदर्शनीया छगू झलक

# “नत्थिमे सरणं अञ्ञं...........

-एस. के. श्रेष्ठ

छन्हुँ छम्हं पासां न्यंगु कारणं याना थ्व छगू च्वसु च्वय्गु कुत: याना च्वना । भगवान बुद्ध जन्मेजूगु थ्व दे भ्कीसं “बुद्धं सरणं गच्छामि, धम्मं सरणं गच्छामि, संघं सरणं गच्छामि......” धका त्रिरत्न वन्दना याना सरणे छाय् वना च्वना ? मस्यू पिंसं छक सय्के वह: जू । भ्कीसं त्रिरत्न यात माने याना च्वनागु, वन्दना याना सरणे वना च्वनागुया यक्वं कारण त दु । भ्की वारम्वार वारम्वार धया च्वना-

नत्थिमे सरणं अञ्ञं
बुद्धो मे सरणं वरं
नत्थिमे सरणं अञ्ञं
धम्मो मे सरणं वरं
नत्थिमे सरणं अञ्ञं
संङ्घो मे सरणं वरं

अर्थ- जित मेगु सुँ सरण मदु
जि बुद्धया सरणे वया
जित मेगु सुँ सरण मदु
जि धर्मया सरणे वया
जित मेगु सुँ सरण मदु
जि संघया सरणे वया

बुद्ध, धर्म व संघयात त्रिरत्न धका नं धाई । थ्व स्वंगूया सरणे वना च्वंगु जुया भ्कीत त्रिरत्नया सरणे वना च्वंपीं धाई । “नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स ।” वसपोल गौतम बुद्ध यक्व कल्प न्ह्यो दिपंकर तथागतया पाले हे अर्हत् जुया विज्याना जन्म, मृत्यु यात च्वफुना छ्वे धुँकूम्हं ख । तर वसपोल करुणा मूर्ति । लोके म्वाना च्वंपीं मनूतय्त नं तरे याना बी धैगु वय्कलं मने तया विज्यात । अर्हत् जुया मविज्यासें सकल लोकजनयात दु:खं मुक्त जुइगु लँ पु क्यनेमा धका हानं हानं जन्म कया वसपोलं दश पारमीता पुरा याना बिज्यात । अन्त्ये सिद्धार्थ गौतम धाय्का जन्म कया बिज्यावले तिनी बुद्ध जुया बिज्यात । बोधिवृक्षय् तपस्यायाना विज्यावले नं अनेक कष्टसिया अन्न त्याग तक्कं याना खुदँ तक्क तपस्यायाना वैशाख पुन्हिं खुनु संसारे दुर्लभ जुया च्वंगु वोधि ज्ञान प्राप्त याना विज्यात । अनलिं वसपोलं ४५ दं तक्क अनेक थासे विचरण याना धर्म देशना याना विज्यात । आधुनिक युगे विद्वानतय्सं वैज्ञानिक तय्सं अनुसन्धान याना पिका:गु खँ वसपोल भगवान बुद्धं २५४६ दँ न्ह्यो हे कना बिज्यागु जुया वैज्ञानिक तय्सं नं वसपोलयात तस्सकं मानेयाना च्वंगु दु । उलि जक मखु वसपोल ९ ता गुणं पूर्ण जुया विज्याम्हं नं ख: ।

१. अरहं (क्लेश रहित जुईधुंकूम्हं)
२. सम्मासम्बुद्धो (मद्बंक बाँलाक्क थूम्हं)
३. विज्जाचरण सम्पन्नो (विद्या आचरणं युक्तम्हं)
४. सुगतो (निर्वाणे थ्यंम्हं)
५. लोकविदु (लोकया बारे बाँलाक्क थूम्ह)
६. अनुत्तरो पुरिसदम्म सारथी (सारा देव मनुष्ययात सेखेयाना च्वने फुम्हं)
७. सत्था देव मनुस्सानं देव मनुष्यया गुरु)
८. बुद्धो (दक्वं थूम्हं)
९. भगवा (क्लेश रागादि क्षय जुइधुंकूम्हं)

थ्व स्वता गुणं पूर्ण जुया च्वंगुलिं, वयकलं उपदेश विया बिज्यागु धर्म सकल प्राणि पिनिगु हित जुइगु लिं भ्कीसं वयकयात वन्दना यासें सरण वना च्वना ।

“नमो तस्स निय्यानिकस्स धम्मस्स” बुद्धं गज्यागु धर्म-उपवदेश कना विज्यात धाय्बले संसारीक जीवनं मुक्त जुइगु । न्ह्यामेसित नं मागु लोगु । यक्व धर्म याना स्वर्गे च्वं वनेगु मखु । स्वर्गे नं दु:ख दु । भ्कीत मागुला दु:ख हे मदेकेगु । गुगु धर्मया लँपुइ वना भ्कीसं दु:ख मदयेका छ्वे फै व उपदेश वसपोलं विया विज्यात । गुगु उपदेश कथं ज्या याय्वले भ्कीगु जिवन सुख जुई । थ:त नं शान्ति दै मेपिन्त नं पंगल: जुईमखु । गथे छम्ह डाक्टरं जाँचे याना वास: नका: ल्वे लंका वी । गथे ख्यूँ थाय् छप्वा मत च्याके वले सकतां खने दयावै अले भ्की थ:त माँथाय् वने फै । गथे खुसी छीत भ्की डुंगाय् च्वना वनी । थन सास:, मत व डुंगा धर्मया थासे छ्यला च्वना । “धर्मो रक्षति रक्षित” सुनां धर्मयात रक्षा याई वयात धर्मं रक्षा याई । थ्व धर्मं भ्कीगु जीवन यात सार्थक याइगु जूगुलिं मनूयात धात्थें मनू याना वीगु जुया भ्कीसं धर्मयात वन्दना याना सरणे वनाच्वना । उलिजक मखु थ्व धर्मे खुता गुण नं दु ।

१. स्वाक्खातो ( बुद्धं धर्म देशना याना विज्यागु)
२. सन्दिट्ठीको (थ्वहे जन्मे फल दैगु)
३. अकालिको (यक्व पिया च्वने म्वागु)
४. एहिपस्सिको (न्ह्याम्मं वया सोवा धाय् फैगु)
५. ओपनयिको (दक्के उत्तमगु थासे थ्यंका बीगु)
६. पच्चत्तं वेदितब्बो विञ्ञूही (न्ह्यात्थे न्याम्हं विद्वानं नं थ:मेसियाँ यथार्थं थुइका काय् फैगु)

भगवान बुद्धया अन्तिम अवस्थाय् थ्यं वले आनन्द भन्ते नं सीका न्यना विज्यात की छलपोल मदेका जिपी सुयागु आधिपत्यले म्वाना च्वनेगु ? सुयागु सहाराय् च्वनेगु ? अले भगवान बुद्धं धया विज्यात, "वय् धम्म सङ्खारा, अप्पमादेन सम्पादेथ ।" भिक्षुपिं होस् तया च्वनेगु, धर्म हे छिमी सहारा ख: । भगवान बुद्धं थ्व हे भिक्षुपिनिगु लागिं अन्तिम उपदेश विया विज्यात । गथे लुँ यात लुक:मीं कसी तया घोटे याना जाँचे याई अले मू थुइकी । अथेहे छिमीसंनं सुनानं जिं धा:गु धायवं माने याय्म्वां थ: जीवनय् छयला स्व ज्याय् खेलेदुसा माने या मखुसा माने याय् म्वाँ बुद्धं धया विज्यात । थ्व बुद्ध धर्मया विशेषता ख ।

थजागु धर्मयात सुरक्षा याना भगवान बुद्धं कना विज्यागु आचरण याना च्वना विज्यापीं भिक्षुपिनी संघ अवश्यनं वन्दना याय् योग्य । "चरथ भिक्खवे चारिकं ।" "भिक्षुपिं छचाखेरं धर्म प्रचार या:हुँ, छथाय् निम्हं वने मते" धका भगवान बुद्धं धया विज्यासेंलि भिक्षुपिं गाँ गामे चाह्यु जुया अनेक दु:ख कष्ट यात वास्ता मयासें थौ. बुद्ध परि निर्वाण जूगु २५४६ दं दयेधुंका नं वसपोल पिनी पाखें धर्म प्रचार जुया हे च्वन । थुकिया श्रेय संघयात विई योग्य जू । छाय् धा:सा संघ विना थ्व ज्या सम्भव मजू । प्रथम, दोस्रो, तेस्रो चतुर्थ संघायन थ्व फुक्कं संघ विना सम्भव मजु । अथे हे बुद्ध धर्म चीरस्थायी यायत भिक्षु पिसं नियम पालन या मया स्वया मयासा दण्ड वीगु नं ज्या याई । उकीं भिक्षु संघयाके ९ ता गुण दूगु कारणं याना वन्दना याय् बहजू ।

१. सुपटिपन्नो (भिंगु आचरण)
२. उजुपटिपन्नो (छलकपट रहित आचरण)
३. ञायपटिपन्नो (भेदभाव मयासें निर्वाण हेतुं आचरण)
४. सामीचिपटिपन्नो (गौरव तया आचरण)
५. आहुनेय्यो (आह्वान याय् योग्य)
६. पाहुनेय्यो (पाहुना सत्कार याय् योग्य)
७. दक्खिनेय्यो (दान याय् योग्य)
८. अञ्जलि करणीयो (विन्ति याय् योग्य)
९. अनुत्तरं पुञ्ञक्खेतं (पूण्य रूपि पुसा पीत उत्तमगु )

थुजा:गु गुणं जा:गु अष्ट पुद्गल महाँसंघयात भ्रीसं वन्दना याना च्वना । हानं न्हापा दुगु संघ, लिपा दैगु संघ व आ दयाच्वंगु संघयातनं वन्दना याना शरणें वनाच्वना । ★

## नेवाः बौद्धतय् ध्यान थुखेपाखे वनी ला ?

**–जगदिश बैद्य श्रेष्ठ**

रत्नदेवी ७० दँय् क्यन । नेवा: वज्राचार्य पुरोहितत पुजाआजाया लागिं वयक:या थ:छेँय् व: । तर दु:खया खँ, वयक:यात शीलया बारे हे छुं मव: निदँ न्ह्यव तक । शील समाधि प्रज्ञायात भगवान बुद्धया शिक्षाया दुग:क्वँय् कथं हे माने याइ । तर वयक:यात शीलया बारे हे छुं मव: धायेबलय् समाधि व प्रज्ञा ला तापा:गु हे खँ जुल ।

बुद्ध बूगु देश अले जन्मजात बौद्ध, तर शीलया खँ मस्यू । हरेक कर्मकाण्डया लागिं पुरोहित वइ तर बुद्धया शिक्षा द्य:पिंत लय्तायेकेगु ज्याय् हे जक सीमित जुल । कर्मकाण्डय् सीमित जुल । थौं नं नेवा: बौद्धतय् हालत थथे हे तिनि । भगवान बुद्धयात नं द्य: दयेका: 'डिमोशन' यानाब्यूगु दुसा बौद्ध शिक्षायात द्य: लय्ताकेगु उपायलय् । थौ भगवानया अर्थ जक स्यूपिं तक नं माले थाकुइ धुंकल । भगवान व द्य: दथुइ छु फरक दु ?

भगवान बुद्धया शिक्षायात प्यंगू कथं ब्वथले ज्यू । न्हापांगु, थ्व जन्म व भावी जन्मया सुख सुविधाया लागिं । निगूगु, अरहत अर्थात् छगू कथंया मुक्तिया लागिं । स्वंगूगु, सम्यक सम्बुद्धया लागिं । प्यंगूगु, प्रत्येक बुद्ध जुइगु लागिं । वज्राचार्य पुरोहिततय्सं अद्यपि थ:पिं बोधिसत्वमार्गी अर्थात सम्यक सम्बुद्ध जुइगु कुत: याइपिं धाइ तर भगवान बुद्धया उपाय कौशलया प्रयोग याना: थ्व जन्म भावी जन्मया सुख सुविधाया लागिं जक ज्या यानाच्वंगु खनेदु । युरोप व अमेरिकाया नांजा:म्ह तिबेती गुरु टुल्कु चोग्याम टुपा रिंपोछेया कथं थुकथं बुद्ध धर्मयात प्रयोग यायेगुयात आध्यात्मिक भौतिकवाद धाइ । थ्व धाथेंया अध्यात्म मखु ।

नेवा: बौद्धतय्के छुं हे मदु धायेत्यनागु मखु । दयेफु, तर सर्वसाधारणया लागिं व ग्व ? जजमानपिनि लागिं ग्व ? बद्री गुर्जु च्वयादीगु 'बुद्धिजम अफ नेपाल'

नांगु सफुली यैंया ४१ गू जातियात बौद्ध समुदाय दुने लाकात:गु दु । तर थुकी दुनेया शाक्य, बज्राचार्य व उदायतय्‌त जक दुनेया शिक्षा बी ।

जिगु छेँया ज:ख: विहार दु । वज्राचार्यतय्‌ वस्ती हे दु । पाजुपिंथाय्‌ वज्राचार्य पुरोहित वई कर्मकाण्डया लागिं । जिं स्वइतं माने मयाना तर भगवान बुद्ध प्रति धा:सा मचाँनिसें हे आस्था दु । जिं भगवान बुद्धया न्हापांगु वाक्य कवि एस.एन गोयन्काजुपाखें न्यनागु ख:, नीनिदँया बैंशय्‌ ।

गुलि दु:खया खँ, भगवान बुद्धं चय्‌दँया बैंशय्‌ तकं भारतया गांगां चा:हिला बिज्यात धर्म स्यनेत, जीवनया अन्तिम क्षणय्‌ शरीर त्व:तेगु इलय्‌ तकं धर्म हे स्यनाबिज्यात । तर वसपोलया तथाकथित शिष्यतय्‌ ज:ख: च्वना: नं उमि हे जजमानतय्‌सं पाप यायेमते, पूण्य या व मन सफा यायेगु हे फुक्कं बुद्धतय्‌सं स्यनीगु शिक्षा ख: धइगु खँ न्यनेत तकं बुढेसकाल पीमा: । व नं वर्माया सयादो वा कल्याणमित्रयात पीमा: ।

नेपा:या इतिहासय्‌ आपालं बौद्ध विद्वानपिं जन्म जुइधुंकल । आपालं सिद्धपिं नं जन्म जुइधुंकल गुमिगु आ: जनश्रुति जक ल्यं दनि । गथे कि हुँकार वज्र, जामन गुभाजु, सुरतवज्र, शाश्वतवज्र, फर्पिङ्गपा आदि । नालान्दा विश्वविद्यालय मुस्मातय्‌सं च्याकूबलय्‌ अनया नांजा:पिं रत्न (विद्वान) त भिंछम्ह मध्ये प्यम्ह ला नेपालय्‌ हे दु धाइ । तिब्बती काग्यू परम्पराया न्हापांगु गुरु मार्पा नेपा: भ्रा:गु ख: अध्ययनया लागिं । नेपा: जुया: भारत वना: वय्‌कलं नरोपालिसे बौद्ध साधना स्यनादीगु ख: । निङ्गमापाया गुरुपिंसं छुं छुं साधनाया परम्पराया स्रोत हे नेपा: यात तायेकेगु या: । गुलक्पा परम्पराया छम्ह गुरु अतिशां थँबहीया विहार स्थापना यानादीगु ख: । थौंकन्हय्‌ बुद्ध धर्म व वज्रयान धाल कि संसार तिब्बतयात लुमंकी । उकिया स्रोत नेपा:लिसे स्वानाच्वंगु दु । धइगु खँ ला तिब्बती गुरुपिंत हे कनाबीमा:गु दु ।

थौकन्हय्‌ नेवा: समुदायय्‌ बौद्ध शिक्षाया अनुशरण गुकथं जुयाच्वन ? जजमानतय्‌के 'अज्ञान' प्रतिया ग्या:चिकु दु वहे कारणं भ्रारा टारे याये थें वज्राचार्य पुरोहितपिं स:ता: कर्मकाण्ड यानाछ्वइ । दान बीगु धइगु अ:पुगु ज्या कथं दयेकात:गु साधना ख: । तर जजमानतय्‌ श्रद्धा त्याके मफुगु कारणं दान बीत नं थाकुचाइ । स्वयंभूइ पुजा याये न्ह्य: जजमान व गुरुजुपिनि दथुइ मोलतोल जुयाच्वनीगु खंकेफु । जजमानं दानया अर्थ हे मथुइके धुंकल सा गुरुजुपिंसं नं दानया अर्थ थुइका मबीधुंकल ।

अतितय्‌ वज्राचार्यया अर्थ हे मेगु दु । धाइ, वज्राचार्य खँग्व: वज्रयानया सिद्ध आचार्यतय्‌त छ्यलीगु खँग्व: ख: न कि बुसांनिसें दइगु थर । वज्र व आचार्यया सन्धि जुया: वज्राचार्य जुइ ।

जातिभेदया विरोध यानादीम्ह न्हापांम्ह ऐतिहासिक व्यक्तित्व भगवान बुद्ध ख: । भगवान बुद्धया पालय्‌ आपालं अछुटत अरहत (मुक्त) जूगु ख: । विनय पितकया संकलक छम्ह सँ खाकीम्ह ख: । क्वय्‌या जात धाइपिंपाखें हे सिद्धत पिहां व:गु ख: । वय्‌क:पिं चौरासी सिद्धपिं मध्ये ला:व: । तर थौं शाक्य, वज्राचार्य, उदाय बाहेक मेपिंसं बुद्धया शिक्षा व साधना कायेगु धइगु इतिहासया खँ जुइधुंकल । आ: थ्व मुश्किल जुइधुंकल । तर आ: वया: शाक्य, वज्राचार्यया ल्यायम्हपिं हे कल्याण मित्र गोयन्काजुया केन्द्रय्‌ शील समाधि प्रज्ञा सयेकेत वनाच्वंगु दु । अभ्रं पुलांगु संस्कार दुपिं व दुग्यंक अध्ययन याइपिं ला तिब्बती बौद्ध परम्पराया सतिक नं वनाच्वंगु दु । गुरुजु परम्पराय्‌ म्हो जक वं ।

'धर्म दानम सब्ब दानम जिनाति' अर्थात धर्म दान हे दकलय्‌ त:धंगु दान ख: भगवान बुद्धया कथं । बोधिसत्वमार्गीतय्‌सं मनूया क्षमता, गुण, कर्म, सम्मा आजिवोयात महत्व बिया: समाधी प्रज्ञां युक्त धर्मयात गोयन्काजु तिब्बती गुरुजुपिंसं थें सकलें धर्म पिपासुतय्‌त धर्म दान बीमा:गु खनेदु । थ्व खँय्‌ आ: भी नेवा: गुरुजुपिंसं बिचा: यायेमा:गु ई जुल लाकि ? थ्व इवलय्‌ थौंकन्हय्‌ सकल जिज्ञासुपिंत धर्म स्यनाबीगु लागिं तत्परता क्यनादीपिं यैंया बद्री गुरुजु व यलया रत्न गुरुजुपिंत धा:सा च्वछाये हे मा: । साभार : सन्ध्या टाइम्स

## भूल सुधार

धर्मकीर्ति वर्ष २० अङ्क ४ अन्तिम पेजमा भिक्षु धम्मशोभन महास्थविरले रु ५००/- भन्दा बढि आर्थिक सहयोग दिनु हुने चन्दा दाता र डाक्टर हरूलाई धन्यवाद ज्ञापन पत्र र बुद्ध मूर्तिहरू पुरस्कार प्रदान गर्नु भएको हुनु पर्नेमा अन्यथा हुन गएकोमा क्षमा प्रार्थि छौं ।

..................................

अध्यक्ष
मैत्रेय युवा संघ, भक्तपुर
२०५९-४-११

**बिम्बिसार राजा र भिक्षु जीवन** *(२०५९ असार १५)*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको नियमित शनिवारीय कक्षामा भिक्षु अश्वघोष महास्थवीरज्यूबाट "बिम्बिसार राजा" विषयमा प्रवचन दिनु भयो । प्रवचनको क्रममा उहाँले भन्नु भयो नयाँ नयाँ नियम त्यो बेला बनाइन्छ जब कुनै कारणबाट समस्या वा अप्ठ्यारो उत्पन्न हुन्छ । त्यस्तै बिम्बिसार राजालाई भिक्षुहरूले समय समयमा समस्या उत्पन्न गराएकोले बुद्धले भिक्षुहरूको लागि नियमहरू बनाउनु भयो ।

बिम्बिसार राजाले सिद्धार्थ कुमारले बुद्धत्व प्राप्त गरिसके पछि उहाँको लागि आफ्नो बाँसको बगैंचामा बिहार बनाइदियो । त्यहाँ धेरै भिक्षुहरू पनि बस्न थाल्यो । केहि समय पछि भिक्षुहरूबाट उहाँलाई समय समयमा समस्याहरू उत्पन्न भयो र बुद्धले थाहा पाएपछि त्यस्तो कामलाई रोक्न भिक्षुहरूको लागि नियमहरू बनाउनु भयो । जस्तै :

१. भिक्षुहरूले बगैंचाको आँप कसैलाई नसोधिकन सबै खाइदिएकोले भिक्षुहरूले आँप खान हुँदैन भन्ने नियम बनाउनु भयो ।
२. तातो पानीमा नुहाउन आएको राजा बिम्बिसारले भिक्षुहरूले धेरै समयसम्म नुहाइ दिंदा नुहाउनको लागि पालो पर्खंदा पर्खंदै राजा रातभरी दरवार बाहिर बस्नु परेकोले भिक्षुहरूले तातो पानीमा नुहाउन हुँदैन भन्ने नियम बनाउनुभयो ।

तलका विभिन्न मानिसहरूलाई भिक्षु बनाउनु हुँदैन भनेर बुद्धले नियम बनाउनु भयो । उनीहरूलाई भिक्षु बनायो भने समस्या उत्पन्न हुन्छ ।

१. सैनिकलाई भिक्षु बनाउनु हुँदैन ।
२. चोरलाई भिक्षु बनाउनु हुँदैन ।
३. अपराधिलाई भिक्षु बनाउनु हुँदैन ।
४. ऋणीलाई भिक्षु बनाउनु हुँदैन ।
५. दासलाई भिक्षु बनाउनु हुँदैन ।

आधुनिक आलोचकहरूले यो नियम समानता छैन र मानव अधिकार हनन भएको छ भनेर आलोचना गरेका थिए । माथिका मानिसहरूलाई भिक्षु बनाउनु हुदैन भन्ने कुरामा कुनै न कुनै कारणहरू थिए ।

प्रस्तुती - राम कुमारी

२०५९।४।४ यस दिनमा भनेको नमान्ने भिक्षुलाई सारि पुत्रको सन्देश भन्ने विषयमा कक्षा लिनु भयो ।

भगवान बुद्धको पालामा गोलियानि नाम गरेको एक जना भिक्षु जंगलमा बस्दथ्यो । त्यो भिक्षुले कसैले भनेको मान्दैनथ्यो त्यस भिक्षुलाई बोध गर्नलाई सारीपुत्र भन्तेले यसरी शिक्षा दिनुभयो ।

एकान्त जंगलमा बस्ने भिक्षुसंग तलका सवै ज्ञान हुनु पर्दछ र नियम पालन गर्नु पर्दछ ।

I. सब्रह्मचारीलाई आदर गौरव राख्नु पर्दछ ।
II. आशन कुसल हुनु पर्दछ । अर्थात कुन अवस्थामा कहाँ कसरी बस्नु पर्दछ भन्ने कुरा थाहा हुनु पर्दछ ।
III. अभिसमाचारीक धर्मवारे थाहा हुन पर्दछ । अर्थात के ठीक, के वेठीक, के गर्नु हुन्छ के गर्नु हुँदैन भनेर थाहा पाउनु पर्दछ ।
IV. ठीक समयमा गाउँमा पुग्नु पर्दछ ।
V. कुल घरमा बिचरण गर्नु हुँदैन । विना कारण गृहस्थीहरूको घरमा आउने जाने गर्नु हुँदैन ।
VI. चंञ्चल चपल हुनु हुँदैन ।
VII जथा भावि वोल्नु हुँदैन ।
VIII. आज्ञाकारी र कल्याण मित्र बन्नु पर्दछ ।
IX. भोजन गर्दा मात्राको ज्ञान हुनु पर्दछ । खानको निम्ति होइन बाँच्नको निम्ति खाईरहेको भनि मनमा लिनु पर्दछ ।
X. इन्द्रीय संयमी हुनु पर्दछ ।
XI. जागृत भएर बस्नु पर्छ ।
XII. वीर्यबान हुनु पर्दछ ।
XIII. स्मृतिवान् हुन पर्दछ ।
XIV. ध्यानमा समाहित हुनु पर्दछ ।
XV. प्रज्ञावान हुनु पर्दछ ।
XVI. धर्म र विनयमा मन लगाउनु पर्दछ ।
XVII. आरूप्यय् तल्लीन हुनु पर्दछ ।
XVIII. उत्तरीय मनुष्य धर्ममा संलग्न हुनु पर्दछ ।

यो उपदेश सकेपछी महामौद्गल्यायन भन्तेले सारीपुत्रलाई प्रश्न गर्नु भयो कि के यो जंगलमा बस्ने भिक्षुहरूको लागि मात्रके ग्रामवासीहरूले पनि पालन गर्नु पर्दछ कि भनेर प्रश्न गर्दा सबै भिक्षुहरूले पालन गर्नु पर्दछ भनेर भन्नुभयो ।

## अभिधर्म पाठ

धर्मकीर्ति विहार , २०५९ श्रावण (४-१०)

धम्मवती गुरुमांको ६८ औं शुभ जन्मोत्सवको उपलक्षमा पूज्य भिक्षुसंघद्वारा साप्ताहिक अभिधर्म पाठ र धर्मदेशना कार्यक्रम सम्पन्न गरिएको छ । उक्त कार्यक्रमको विवरण यसरी रहेको छ ।

| ०५९ श्रावण | अभिधर्म पाठ | धर्मदेशना | जलपान दाता | भोजन दाता |
|---|---|---|---|---|
| गते ४ | धम्मसङ्गणी | भिक्षु शोभित | धम्मवती गुरुमां | लक्ष्मीदेवी श्रीघः पुचः |
| गते ५ | विभङ्ग | भिक्षु अश्वघोष | इन्द्रमान पुचः | शोभा |
| गते ६ | धातुकथा | भिक्षु वोधिसेन | गणेमाया पुचः | पुलां पुचः |
| गते ७ | पुग्गल पञ्ञति | भिक्षु धम्मशोभन | मिजं पुचः | ललीता |
| गते ८ | कथावत्यु | भिक्षु कौण्डञ्ञ | अनीता | पूर्णहिरा पुचः |
| गते ९ | यमक | भिक्षु भद्दिय | पद्मावती गुरुमां | अष्टमाया पुचः |
| गते १० | पट्ठान | भिक्षु आनन्द | दिलमाया | न्हूपुचः लक्ष्मीनानी पुचः |

साप्ताहिक अभिधर्म पाठ अवधिभर उपस्थित हुनु भएका भिक्षु एवं गुरुमांहरूलाई धम्मवती गुरुमांको तर्फबाट विशेष दान प्रदान गरिएको थियो ।

## "गुरु पूजा"

मिति २०५९श्रावण ८ गते

गुरु पूर्णिमाका दिन धर्मकीर्ति अध्ययन गोष्ठीका परिवारले सामुहिक रुपमा पूज्य भन्ते तथा गुरुमांहरुप्रति कृतज्ञ हुँदै उक्त दिनको साँझ ठिक ६:०० बजे धर्मकीर्ति विहार श्री:घमा गुरु पूजा कार्यक्रम सम्पन्न गरियो ।

कार्यक्रमको शुरुमा उक्त कार्यक्रमका संयोजक सुश्री तार डंगोलले सवै धर्मकीर्ति अध्ययन गोष्ठीका परिवार तथा उपस्थित सवैलाई स्वागत गर्दै कार्यक्रमलाई अगाडी बढाउनु भयो ।

गुरु पूजाको महात्वबारे पूज्य भन्ते अश्वघोष महास्थविर, पूज्य गुरुमाँ गुणवती तथा पूज्य गुरुमाँ धम्मवतीद्वारा धर्म देशना गर्नु भयो । जसको निष्कर्ष यसप्रकारका छन् ।

भगवान बुद्धले भन्नुभएको छ : यस संसारमा पूजा गर्न योग्य व्यक्तिहरू बुद्ध, धर्म, संघ, मातापिता तथा गुरु हुन । यी पाँचजना व्यक्तिहरु प्रति आफ्नो कर्तव्य निभाउन सकेमा मात्र त्यस व्यक्ति कर्तव्यपालक भएको धार्मिक व्यक्ति बन्न सक्नेछ । र मनले शान्ति प्राप्त गर्न सकिने छ । त्यसैकारणले आमाबुवाको गुणलाई सम्भिन्न प्रत्येक वर्षमा आमाबावुको मुख हेर्ने अनि पर्व मनाउँदै आईरहेको छ । त्यस्तै गुरुहरुको गुण सम्झी उनीहरुप्रति कृतज्ञ हुन पनि गुरु पूर्णिमाको दिन गुरु पूजा गरिन्छ । यही गुरु शिष्य परम्पराले गर्दा नै एकले अरुलाई आफूले जानेका कुराहरु सिकाउने परम्परा दिगो रहेको छ । जसले गर्दा समाजका नैतिक शिक्षा ग्रहण गर्ने वातावरणको जगेर्ना भइरहेको छ ।

तर आजकलको परिस्थितिमा आमाबुवाले पनि छोराछोरीको वारेमा कम ध्यान दिने र छोराछोरीले पनि आमाबुवाको गुणलाई आदर गौरव गर्न छोडिसकेको जस्तो लाग्दछ । त्यस्तै गुरु र शिष्य, शिष्य र गुरु विचको सम्वन्ध पनि त्यति मजवुत भएको देखिदैन । यसैकारणले हुन सक्छ समाजमा विभिन्न विकृतिहरु फैलिएको देखिन्छ ।

धर्मकीर्ति अध्ययन गोष्ठीले गुरु शिष्यको सम्वन्धलाई अझै पनि कायम गर्दै आफुहरुले मान्नु पर्ने गुरुहरुलाई पूजा गरेको देख्न पाउँदा मन एकदम हँर्सित भएर आउँदछ । त्यसैले यस विषयमा बुझेकाहरुबाट यस्तो अमूल्य परम्परालाई जगेर्ना गरिनु पर्दछ । जसका कारण धर्मकीर्ति अध्ययन गोष्ठी परिवार र अन्य सम्पूर्ण प्राणीको मंगल हुन सकोस् ।

अन्त्यमा धर्मकीर्ति अध्ययन गोष्ठीका सचिव श्री इन्द्रकुमार नकर्मीले यस कार्यक्रमलाई सफल पार्न सहयोग गर्नु हुने सम्पूर्ण अध्ययन गोष्ठीका परिवार साथै प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने सम्पूर्ण धर्म संगिनीहरुलाई धन्यवाद दिदै पुज्य गुरुहरुप्रति सह-हृदय कृतज्ञता ज्ञापन गर्नु हुँदै उक्त कार्यक्रम विसर्जन भएको जानकारी गराउनु भयो ।

यस कार्यक्रमको उद्घोषण सुश्री मीनशोभा शाक्यबाट र रिर्पोटिङ्ग सुश्री तारा डंगोलबाट भएको थियो ।

## भगवान बुद्धको पवित्र अस्थिधातु र हस्तकला प्रदर्शन

धर्मकीर्ति विहार, २०५९ श्रावण १२

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा श्रावण ११ र १२ गते दुई दिन भगवान बुद्धको पवित्र अस्थिधातु र हस्तकला प्रदर्शन कार्यक्रम सम्पन्न गरिएको छ । बुद्धले मंगलसूत्रमा शील्पविद्यालाई ३८ वटा मंगलहरू मध्ये एउटा मंगल कार्यको रूपमा लिनुभएको छ । गृहस्थ व्यक्तिहरूले आफ्नो जीवनको आर्थिक स्तर सुदृढ पार्नको लागि शील्प जानी त्यसलाई आय श्रोतको माध्यम वनाउन सक्नु नै मंगल कार्य हो । यसरी नै आजका महिला वर्गले घरको चूलो धन्दा गरेर मात्र निष्क्रिय जीवन विताउनु भन्दा केही शील्प सिकी

त्यही शिल्पलाई आयश्रोतको माध्यम बनाउन सकिन्छ। यही उद्देश्यले संचालित यस प्रदर्शनीको माध्यमले हामी सामु विभिन्न शील्प प्रतिभाका धनी महिलाहरू पनि रहेछन् भन्ने कुरा पुष्टियो। दुई दिन सम्म संचालित यस प्रदर्शनीमा बुद्धको अस्थिधातु पनि प्रदर्शन गरिएको थियो। उक्त प्रदर्शनीमा महिला दिदी बहिनीहरूले एक आपसमा आ-आफ्ना शील्प विद्या सिक्ने र सिकाउने मौका प्राप्त गरेको देखियो। उक्त प्रदर्शनीमा घर गृहस्थमा काम नलाग्ने र फाल्ने गरिएका प्लाष्टिक झोलाहरूबाट थुप्रै रोचक चीज वस्तुहरू बनाई प्रदर्शन गरिएको पनि देखियो। यसबाट धेरैजसो व्यक्तिहरूले ज्ञान लिन पाए। कार्यक्रमको अन्तिम दिन श्रावण १२ गते पूज्य भिक्षु अश्वघोष, पूज्य दोगुणवती गुरुमांको प्रमुख आतिथ्य र पूज्य धम्मवती गुरुमांको सभापतित्वमा समापन समारोह सम्पन्न गरिएको थियो।

प्रफूल्ल कमल तुलाधरले संचालन गर्नुभएको उक्त कार्यक्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा सचिव इन्द्रकुमार नकर्मीले स्वागत भाषण गर्नुभएको थियो। उक्त कार्यक्रममा हस्तकला प्रदर्शनीमा सहभागी व्यक्तिहरूलाई पनि आ-आफ्ना मन्तव्य व्यक्त गर्नु भएका थिए।

डा. सुमन कमल तुलाधरले आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा भन्नुभयो -"यस हस्तकला प्रदर्शनीको आयोजना गरिनुको प्रमुख उद्देश्य पूज्य दोगुणवती गुरुमांप्रति गुरुपूजा गर्नु हो। किनभने ३० वर्ष अगाडि दोगुणवती गुरुमांले अध्ययन गोष्ठीका सदस्यहरूलाई तितौरा र फूल बनाउने शील्प सिकाउनु भएको कारणले नै आज हामीले आफ्नो शील्पलाई अगाडि बढाउन सकेका छौं। यस प्रदशनीले घर धन्दाले फुर्सद नपाएका महिला दिदीबहीनीहरूले आफूभित्र लुकेर बसेको प्रतिभालाई सबैको अगाडि देखाउने मौका पाएका छन्। महिलाहरूको उत्थान भएमा मात्र उनीहरूको परिवार उत्थान हुन सक्नेछ।"

**लोकदर्शन बज्राचार्य-**

दो गुणवती गुरुमांले ३० वर्ष अगाडि सिकाउनु भएको शील्पलाई निरन्तरता दिन अत्यावश्यक देखिन्छ।

**भिक्षु अश्वघोष-**

धर्मदेशना सुन्ने र पूजा पाठ मात्र गरेर पुग्दैन। शील्प शास्त्र सिक्नु पनि मंगल कार्य हो। धम्मवती गुरुमांले नारी जाती उत्थानको लागि र धर्मप्रचारको लागि धर्मकीर्ति विहार स्थापना गर्नुभयो भने दोगुणवती गुरुमांले शील्प सिकाउनु भयो। शील्प मात्र सिकेर पनि पुग्दैन आफ्नो बानी व्यवहार सुधार्दै लानु पनि अति नै आवश्यक देखिन्छ।

**दो गुणवती गुरुमां-**

शील्प विद्या सिक्नु र शील स्वभाव राम्रो हुनु नारीजातीको लागि अमूल्य धन हो। मैले ३० वर्ष अगाडि सिकाएको शिल्प विद्यालाई झन झन प्रगति गर्न सकेकोले अध्ययन गोष्ठि परिवारलाई धन्यवाद छ।

सभापतीको आसनबाट बोल्नु हुँदै धम्मवती गुरुमांले भन्नुभयो- "धर्मदेशना सुन्ने र गर्ने मात्रले पुग्दैन, आफुमा सहनशीलता, धैर्य र शील्प विद्या पनि हुनु आवश्यक छ। गृहलक्ष्मी भन्नु नै नारी जाती हो। त्यस कारण परिवारको उत्थानको लागि त्यस परिवार को नारी जातीको मिजास र वानी व्यवहार राम्रो र सभ्य हुनु आवश्यक छ। यसको साथै शील्प विद्या लेख लेख्ने देखि लिएर उपयुक्त स्थान हेरी बोल्ने क्षमता पनि हुनु आवश्यक छ। यस हस्तकला प्रदर्शनीले एक अर्काप्रति ज्ञान आदान प्रदान गर्ने मौका मिलेको छ।

अन्त्यमा हस्तकला प्रदर्शनका संयोजक रमा कंसाकारले धन्यवाद ज्ञापन गरी कार्यक्रम समापन गर्नुभएको थियो।

**प्रव्रज्या दिवस**

२०५९ आषाढ २२, ध्यानकुटी विहार, बनेपा।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा दुर्लभ प्रव्रज्या भावलाई एकदिन मात्र भएपनि अनुभव गर्ने दिनको सम्झना गर्ने र गराउने उद्देश्य पूरा गर्न प्रत्येक वर्ष मनाउँदै आएको प्रव्रज्या दिवस अरुण सिद्धि तुलाधर को संयोजकत्त्वमा संचालन गरिएको थियो।

जलपान र बुद्धपूजा कार्यक्रम पश्चात् भिक्षु अश्वघोषको सभापतित्त्वमा दो गुणवती गुरुमां, धम्मवती गुरुमां लगायत अन्य गुरुमांहरूको समुपस्थितीमा प्रथम चरणको कार्यक्रम संचालन गरिएको थियो। कार्यक्रम संयोजकको तर्फबाट स्वागत भाषण पछि मदन रत्न मानन्धरले प्रज्ञा विषयमा परिसम्बाद कार्यक्रम संचालन गर्नुभयो। उक्त कार्यक्रममा कुशुम गुरुमां र एस के श्रेष्ठ वक्ताको रूपमा रहनुभएको थियो। वक्ताहरूलाई राखिएका प्रश्नहरू यसरी रहेको थियो।

प्रश्न १. प्रज्ञाको अर्थ के हो ? यसको किसिमहरू ,
उत्तर प्रज्ञा भन्नुनै बुद्धि विवेक र ज्ञान हो। प्रज्ञा

लौकिक र लोकुत्तर गरी दुई प्रकारका छन् र यसलाई श्रुतमय प्रज्ञा, चिन्तनमय प्रज्ञा र भावनामय प्रज्ञा गरी तीन चरणहरूमा विभाजन गर्न सकिन्छ ।

प्रश्न २. गृहस्थ र प्रव्रजित जीवनमा प्रज्ञाको प्रयोग कतिको आवश्यक छ ?

उत्तर प्रज्ञालाई गृहस्थ र प्रव्रजित गरी दुबै जीवनहरूमा अत्यावश्यक छ ।

प्रश्न ३. प्रज्ञाको प्रयोग गर्न सजिलो छ छैन ?

उत्तर प्रज्ञाको प्रयोग गर्दा अनेकौं बाधा अड्चनहरू आउन सक्छन् । त्यसकारण प्रज्ञा प्रयोग गर्न त्यति सजिलो छैन ।

प्रश्न ४. प्रज्ञा र प्रज्ञा पारमितामा के कस्तो भिन्नताहरू छन् ?

उत्तर प्रज्ञा भनेको ज्ञानको प्रयोग हो भने पारमिता भनेको यसको प्रयोगबाट प्राप्त हुने गुण अर्थात क्वालिफिकेशन हो ।

प्रश्न ५. अष्टसहश्रिका भन्नाले के बुझिन्छ ? के बुद्ध शिक्षा अध्ययन नगर्ने व्यक्तिहरूमा पनि प्रज्ञा पारमिता गुण हुन सक्छ वा सक्दैन ?

उत्तर अष्ट सहश्रीका भन्नाले बज्रयान भित्रको एक ग्रन्थ हो जसमा प्रज्ञा पारमिता विषय उल्लेख छ र बज्रयानीहरूले यसलाई परित्राण पाठ गरे झैं पाठ गर्ने चलन छ ।

प्रश्न ६. आर्य अष्टाङ्गिक मार्गहरू मध्ये प्रज्ञा कुन मार्गमा पर्दछ ?

उत्तर प्रज्ञा आर्य अष्टाङ्गिक मार्ग मध्ये सम्यक दृष्टि र सम्यक संकल्पमा पर्दछ ।

परिसंबादको निचोडमा भिक्षु अश्वघोषले शुद्ध मैत्री करुणा र श्रद्धा विना प्रज्ञा प्राप्त हुँदैन र सम्यक दृष्टि नै सबभन्दा नभई नहुने र बोध हुन गाऱ्हो खुड्किलो हो भन्नुभयो । अरुले गरेका अवगुणहरूलाई नसम्झने र आफूले गरेको गुणहरूलाई बिर्सने बानी भएमा मात्र जन्म मरण चक्रबाट मुक्ति अवस्था पहिल्याउन सजिलो हुन्छ ।

कार्यक्रमको दोश्रो चरणमा मन्तव्य व्यक्त गर्ने वक्ताहरू यसरी हुनुहुन्थ्यो -

दो गुणवती गुरुमां -"हामीले विशेष गरी आफ्नो जन्म दिन, जन्म स्थान र प्रव्रजित व्यक्तिहरूले आफू प्रव्रजित भएको दिनलाई विर्सन हुन्न ।"

धम्मवती गुरुमां-"जबसम्म भिक्षु भिक्षुणी उपासक उपासिकाहरूले त्रिपिटक अध्ययन गर्ने गराउने र यसलाई आफ्नो दैनिक व्यवहारमा प्रयोग गर्छन्, तबसम्म बुद्ध शासन रहनेछ । जबसम्म बुद्ध शासन रहन्छ, तबसम्म मुक्ति मार्ग खुला रहन्छ ।" श्यामलाल चित्रकार -"आजको धर्मकीर्ति विहार पुज्य दो गुणवती गुरुमां, रत्न मञ्जरी गुरमां र धम्मवती गुरुमांको निरन्तर र अथक प्रयासको फल हो ।"

कृष्ण कुमार पजापति - लुम्बिनीमा प्रव्रजित हुँदा बर्मी भिक्षु श्रद्धेय उ.ञाणीस्सरबाट पाएको प्रेरणाले चीवर पात्र ग्रहण गरी एक अनौठो र अविस्मरणिय अल्पकालिन प्रव्रजित जीवनको सुखानुभूति प्राप्त गरेको थिएँ ।

भिक्षु अश्वघोष -"विभिन्न पर्व जस्तै यस प्रव्रज्या दिवस मनाएर यस कार्यक्रममा उपस्थित समुदायले नैष्कम्य पारमिता पुऱ्याउने प्रयास गरेका छन् । भिक्षु भएपछि शील आचरण राम्रो हुनु र नम्र स्वभाव हुनु अत्यावश्यक छ । प्रव्रजित जीवन त्यति सजिलो नभएपनि साँच्चिकै त्यागी बन्न सकेमा मनमा पीर हुँदैन ।"

कार्यक्रमको अन्त्यमा अध्ययन गोष्ठीमा सचिव इन्द्रकुमार नकर्मीले धन्यवाद ज्ञापन गरी कार्यक्रम समापन गरिएको थियो ।

-प्रस्तुती नीता केशरी

## आलवक राक्षसको हृदय परिवर्तन

२०५९ श्रावण ११, धर्मकीर्ति विहार, श्रीघ: नघ: ।

यसदिन भिक्षु अश्वघोष महास्थविरले 'आलवक राक्षसको हृदय परिवर्तन' विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो- बुद्ध शिक्षाको मूल उद्देश्य नै मानिसको कठोर हृदयलाई नरम बनाइदिनु हो र अज्ञानी व्यक्तिहरूलाई ज्ञानी बनाइदिनु हो । तर बुद्ध शिक्षा अध्ययन गरे जस्तै त्यसलाई अभ्यास पनि गर्नु नितान्त आवश्यक छ । आफ्नो कमजोरी र गल्तीहरू महसूस गरी ती खरावीहरूलाई हटाउन सके मात्र खराव मानिस असल बन्न सक्नेछ अन्यथा बुद्ध शिक्षालाई अध्ययनको भरमा मात्र राखेर केही फाइदा हुनेछैन । किनभने बुद्ध कसैलाई उद्धार गर्ने देवता होइन । उहाँ त हामीलाई राम्रो बाटो देखाइदिने गुरु मात्र हो । राम्रो बाटोमा हामी आफै लाग्नु पर्दछ । बुद्धले खराव व्यक्तिहरूको नियत परिवर्तन गरी राम्रो मार्ग देखाउनका लागि र कठोर हृदय परिवर्तन गरी उनीहरूको जीवन सफल बनाउनका लागि विभिन्न उपायहरू अपनाउनु भएको घटनाहरू हामीले अध्ययन गर्न सक्छौं । ती मध्ये बुद्धले आलवक राक्षसका विभिन्न

प्रश्नहरूको उत्तर दिई उसको हृदय परिवर्तन गर्नुभएको थियो । ती प्रश्न र उत्तरहरू यसरी रहेका छन् -

*आलवक राक्षसले गरेका प्रश्नहरू*

प्रश्न. १ मानिसलाई नभइ नहुने सबभन्दा ठूलो धन के हो ?

प्रश्न २. के अभ्यास गरेमा सुख पाइन्छ ?

प्रश्न ३. रसहरू मध्ये सबभन्दा ठूलो रस के हो ?

प्रश्न ४. कसरी जीवन निर्वाह गरेमा उत्तम जीवन हुनेछ ?

*भगवान बुद्धले दिनु भएको उत्तरहरू*

उत्तर १. प्रफुल्ल मन सहितको श्रद्धा नै मानिसलाई नभइ नहुने ठूलो धन हो ।

उत्तर २. धर्मानुसार अभ्यास गरेमा सुख पाइन्छ ।

उत्तर ३. सत्य नै सबभन्दा ठूलो रस हो ।

उत्तर ४. प्रज्ञाले भरिपूर्ण जीवन निर्वाह गरेको जीवनलाई नै उत्तम जीवन भनिन्छ ।

## बाल बौद्ध कथा लेखन प्रतियोगिता

२०५९ जेठ १८, धर्मकीर्ति विहार

*प्रस्तुती - मीना तुलाधर ।*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा र श्रीमती प्रफुल्ल कमल ताम्राकारको संयोजकत्त्वमा "बाल बौद्ध कथा लेखन प्रतियोगिता" कार्यक्रम सम्पन्न भएको छ । ६ वर्ष देखि १२ वर्ष सम्मका २० जना बाल बालिकाहरू सहभागी रहेको उक्त कार्यक्रममा भिक्षु अश्वघोष महास्थविरले बाल बौद्ध कथाको महत्त्व विषयमा प्रवचन दिनुभएको थियो ।

उक्त कार्यक्रम दो गुणवती गुरुमांको प्रमुख आतिथ्यमा र धम्मवती गुरुमांको सभापतित्त्वमा सम्पन्न भएको थियो भने डा. सुमन कमल तुलाधरले स्वागत भाषण गर्नुभएको थियो । बालिका प्रतिष्ठा ताम्राकारले संचालन गरेको उक्त कार्यक्रममा धर्मकीर्ति अध्ययन गोष्ठीका सचिव इन्द्रकुमार नकर्मीले बालबौद्ध कला लेखनको आवश्यकता बारे आफ्नो मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

प्रतियोगितामा आकाश वज्राचार्य प्रथम, सन्नी तुलाधर द्वितीय, विशाल वज्राचार्य र उपेक्षा ताम्राकार तृतीय भएका थिए भने रोजी श्रेष्ठ र श्रृष्टी ताम्राकारले सान्त्वना पुरस्कार प्राप्त गरेका थिए । धम्मवती गुरुमांले विजयी बालबालीकाहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो । विजयी बालबालीकाहरूलाई पुरस्कारको प्रायोजन व्यवस्था श्यामलाल चित्रकारले मिलाउनु भएको थियो भने सहभागी सबै बालबालिकाहरूलाई धम्मवती गुरुमां र दोगुणवती गुरुमांको तर्फबाट पनि पुरस्कार प्रायोजन भएको थियो ।

प्रफुल्ल कमल ताम्रकारबाट धन्यवाद ज्ञापन भएपछि उक्त कार्यक्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको तता पुच:बाट जलपानको व्यवस्था मिलाइएको थियो ।



बालबौद्ध कथा लेखन प्रतियोगितामा सहभागीहरू र विजेताहरू



### सूचना

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा दोश्रो 'धर्मकीर्ति रनिङ्ग शील्ड' अन्तर निम्न माध्यमिक विद्यालय बौद्ध हाजिरी जवाफ प्रतियोगिता धर्मकीर्ति विहारमा यही भाद्र ११ गते देखि १५ सम्म प्रत्येक दिन दिनको ३ बजेदेखि सन्चालन हुनेछ । उक्त प्रतियोगितामा उपस्थित भई धर्म श्रवण गर्नुहुन सबै महानुभावमा हार्दिक आमन्त्रण गर्दछौं ।

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी परिवार**

श्रीघ: नघल

## नगदेशमा भिक्षाटन कार्य सम्पन्न

गत २०५९ असार २९ शनिबारका दिन मुनि विहार, भक्तपुरका श्रद्धेय भिक्षु नन्द लगायत अन्य ५ जना श्रामणेर सहित भै नगदेशमा सामूहिक भिक्षाटन कार्यक्रम सम्पन्न भएको थियो । उक्त भिक्षाटन कार्यमा नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह: पुच: नगदेशको आयोजनामा नगदेश बुद्ध विहारको धम्महलबाट शुभारम्भ भएको थियो । भिक्षाटनबाट चामल ५ मुरी र नगद रु ५८५८।- प्राप्त भएको थियो । भिक्षाटनको लगतै गत असार ३२ गते मंगलबार नै उल्लेखित ५ जना श्रामणेरहरू बुद्ध धर्म र दर्शन अध्ययनार्थ थाईल्याण्ड तर्फ प्रस्थान समेत भएको थियो ।

## महापरित्राण सम्पन्न

*२०५९ श्रावण १२ गते, आनन्द कुटी विहार ।*

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको ५६ औं शुभ जन्मोत्सवको उपलक्षमा मौसुफको सुस्वास्थ्य र दिर्घायु लाभको कामना गरी आनन्दकुटी दायक परिषको आयोजनामा भिक्षु संघको तर्फबाट दिनभरि महापरित्राण पाठ सम्पन्न गरियो । उक्त समारोहमा श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सवारी होइवक्सी महापरित्राण पाठ श्रवण गरिवक्सेको थियो । साथै मौसुफ सरकारबाट भिक्षुसंघलाई अष्टपरिष्कार चीवर वस्त्र, औषधी र नगद दान प्रदान गरिवक्सेको थियो । कार्यक्रमको अन्त्यमा मौसुफ सरकारलाई भिक्षु कुमार काश्यप र भिक्षु धर्ममूर्तिबाट महापरित्राण को जल प्रसाद र परित्राण सुत्त चढाउनु भएको थियो ।

## श्रामणेर प्रव्रज्या र ऋषिनी प्रव्रज्या

*बुद्ध विहार, धरान । २०५९ श्रावण २ गते ।*

२०५९ आषाढ २१ गते देखि श्रावण १ गते औंशी सम्मका लागि ऋषिनी प्रव्रज्या र श्रामणेर प्रव्रज्या सम्पन्न भएको समाचार छ । साथै प्राप्त समाचारमा उल्लेख भएनुसार धरान बुद्ध विहारमा हरेक शनिवार संचालित कार्यक्रमको शिलसिलामा उक्तदिन सुमेधावती गुरुमांले चीनमा बुद्ध शिक्षा अध्ययन गरी आउनु भएको विषयमा आफ्नो अनुभव विद्यार्थीहरूलाई सुनाउनु भएको थियो ।

## कार्यसमिति गठन

*२०५९ असार २९, ज्ञानोदय बुद्ध विहार । बाग्लुङ्ग*

ज्ञानोदय बुद्ध विहार बाग्लुङ्गको नयाँ कार्य समिति यसरी गठन गरिएको समाचार प्राप्त भएको छ ।

कार्य समिति-

अध्यक्ष - मुकुन्द शाक्य, उपाध्यक्ष, - कृष्ण प्रसाद शाक्य, सचिव- विरेन्द्र शाक्य, कोषाध्यक्ष- सुदर्शन शाक्य, सहसचिव- विनय शाक्य, सदस्यहरू- श्याम श्रेष्ठ, किशोर राजभण्डारी, राजन शाक्य, करण श्रीस, भिमसेन शाक्य, सूर्यबहादुर थापा, सुशीला शाक्य, (प्रतिनिधि महिला बौद्ध संघ) सुश्री मेरीना बज्राचार्य (युवा बौद्ध संघ प्रतिनिधी) र निवर्तमान अध्यक्ष ईश्वर बज्राचार्य पदेन सदस्य- चिनीमाया शाक्य, श्रवणलाल शाक्य, राजेन्द्र शाक्य, काजिगाउँले श्रेष्ठ (कानूनी सल्लाहकार) संरक्षक मण्डल (विहारलाई विशिष्ट योगदान दिनेहरू) प्रधान संरक्षक - रामलाल शाक्य, संरक्षकहरू-बलवहादुर शाक्य, पुतली देवी शाक्य (बुटवल), नारायण प्रसाद शाक्य, रामजी राजभण्डारी, श्रवणलाल शाक्य, रामबहादुर शाक्य (बुटवल) चिरञ्जिवी शाक्य (बटु काठमाडौं), अशोक राजभण्डारी (वटु काठमाडौं) भू.पूं अध्यक्ष मंगल प्रसाद र इश्वर बज्राचार्य ।

यसरी नै बालबालिकाहरूलई अनुशासित, आत्म निर्भर बनाउनुका साथै परियत्ति शिक्षा दिने उद्देश्यका साथ युवा बौद्ध संघ बाग्लुङ्गले निशुल्क बाल कक्षा संचालन गरि एको छ । बाल कक्षामा सहभागी विद्यार्थीहरूलई र चनात्मक क्रियाकलाप आयोजना गरी उनीहरूलाई स्वावलम्बी र सक्षम बनाउने उक्त युवा संघमा स्वयंसेविका निर्वाह गर्ने सदस्यहरू रहेको कुरा पनि बुझिएको छ ।

## शान्ति सन्देश क्यासेट विमोचन

*२०५९ जेठ ३० नगर मण्डप श्री कीर्ति विहार, कीर्तिपुर ।*

२५४६ औं बुद्ध पूर्णिमाको उपलक्षमा ज्ञानमाला संघ सुनसरी धरानको प्रस्तुति ज्ञानमाला भजन संग्रह शान्ति सन्देश बुद्ध भजन क्यासेट थाइलैण्डका कार्यवाहक राजदूत महामहिम प्रसित्तिदेश विचित्सोरासात्राले विमोचन गर्नुभएको समाचार छ । भिक्षु सुदर्शन महास्थविर र कार्यवाहक राजदूतले शान्ति कामना गरी विमोचन

गर्नुभएको उक्त कार्यक्रममा ज्ञानमाला संघ सुनसरी, धरानकी अध्यक्ष एवं गायिका रमना श्रेष्ठले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै नव विमोचित भजनमालाका सम्वन्धमा प्रष्ट पार्नुभएको थियो । बुद्ध भजन एवं शान्तिको कामना युक्त भजनहरू समाविष्ट भएको उक्त शान्ति सन्देश एल्वममा रमना श्रेष्ठ, मिनु ठकुरी, निल कुमारी स्थापित, सपना शाक्य आदिको स्वर रहेको कुरा बुझिएको छ । सन्दीप प्रधान, ज्योती शाक्य, भिक्षु महाप्रज्ञा, ज्योती राजशाक्य, धम्मपद, धर्मरत्न शाक्य आदिको रचना र रमना श्रेष्ठ, सन्दीप प्रधान, ज्योतिराज शाक्य, गणेश शाक्य आदिको संगीत रहेको उक्त क्यासेटमा ८ वटा भजनगीतहरू संलग्न रहेको कुरा पनि बुझिएको छ ।

**मेत्ता सेन्टर, ध्यानकुटी बाल आश्रमलाई प्राप्त सहयोग ।**

- स्व. बाबु काजी शाक्य बुटवलको पुण्य स्मृतिमा विद्या शाक्य माया शाक्यबाट रु. १५००।-
- पूर्ण बहादुर प्रजापति काठमाडौँ रु. १५०१।-
- बद्रीकुमारी मानन्धर बनेपा बृद्धाश्रम रु. २००।-
- (ताइवानबाट चन्दा संकलित) भिक्षु मंगलबाट रु. २५०००।-
- (यो बाहेक पहिला पनि पटक पटक गरी दुई लाख रकम सहयोग प्राप्त भइसकेको छ ।)

बौद्ध ज्ञान चेतना संघबाट भोजनदान
गोपाल श्रेष्ठ रत्नदेवी श्रेष्ठबाट दिउसो चियापान

## दुवै खुट्टा कुहिएका सन्तोषको असन्तोष

आफ्ना दुवै खुट्टा कुहिएर १८ वर्षीय एक युवा यतिबेला राजधानीको सडकपेटीमा ठूलो पीडाका साथ छट्पटाइरहेका छन् ।

सन्तोष तामाङ नाम गरेका यी युवक उपचार गर्न नसकेर एकोहोरो रोइरहेका छन् । उनको बायाँ खुट्टामा पूरै घाउ छ । त्यसबाट स्याउँस्याँउती कीराहरू झरिरहेका छन् । दाहिने खुट्टाले अलिअलि टेक्न सके पनि घाउको पीडाले उनी हिँड्न सक्दैनन् । तर, उनलाई अस्पताल लगेर उपचार गर्न कसैले चासो दिएको छैन ।

'कसैले अस्पताल लगिदिए बाँच्ने थिएँ कि,' सन्तोषले आफ्नो अवस्था देख्नेहरू रमितेमात्र भएको दुःखेसो राजधानीसँग पोखे ।

काभ्रेपलाञ्चोक, दाप्चा घर बताउने सन्तोषका तीन वर्षअघि दुवै खुट्टा जलेका थिए । एक महिना अघिदेखि उनका दुवै खुट्टा दुख्न थालेपनि मैतीदेवीनजिकै भगवती होटेलमा भाडा माझ्ने कामबाट पनि निक्लिन बाध्य हुनुपर्‍यो ।

सडकमा भोकै रहनुपर्ने अवस्था झेलिरहेका सन्तोषको पाकेको घाउका कारण वरिपरिको वातावरण नै दुर्गन्धित भएको छ ।

सन्तोष आफू १४ वर्ष छँदै बाआमाको मृत्यु भइसकेको बताउँछन् । पाँच दिदी र चार दाजुभाइमध्ये उनी कान्छा हुन् । एकजना दाजु काठमाडौँमै भए पनि आफूलाई वास्ता नगरेको सन्तोषको दुःखेसो छ ।

*साभार : राजधानी दैनिक*

## बौद्ध भिक्षुको जीत

बौद्ध भिक्षुहरूको एउटा समूह हङकङका ठूला व्यापारीसँग भएको सङघर्षमा विजयी भएको छ । हङकङमा केही ठूला व्यापारीले बौद्ध भिक्षु बस्ने गुम्बाको छेउमा एउटा ठूलो होटल निर्माण गर्ने स्वीकृति दिन सरकारलाई दबाब दिइरहेका थिए । गुम्बा छेउमा विश्वकै सबैभन्दा ठूलो ताम्र बुद्ध मूर्ति रहेको छ ।

सरकारले शुक्रवार गुम्बा क्षेत्रको विकास योजना सार्वजनिक गरेको छ । सार्वजनिक गरिएको विकास योजनामा होटल अथवा रिसोर्ट बनाउने स्वीकृति दिइएको छैन । पहिला सरकारले यस क्षेत्रमा आधुनिक होटल बनाउने स्वीकृति दिने मनस्थिति बनाइसकेको थियो ।

बौद्ध भिक्षुहरूले गुम्बा क्षेत्रमा होटल बनाउने कुराको विरोधमा ठाउँठाउँमा गोष्ठी गरी जनमत सिर्जना गरेर सरकारलाई दबाब दिएको थियो । भिक्षुहरूले व्यापक जनसमर्थनपछि मात्र गुम्बा क्षेत्र वरिपरि होटल निर्माण गर्न स्वीकृति नदिने निर्णय लिन सरकार बाध्य भएको छ ।

"होटल बनाउने योजनाको व्यापक विरोध भएपछि यस क्षेत्रको विकास योजनामा होटल बनाउने स्वीकृति दिइएको छैन', योजना विभागका वरिष्ठ सूचना अधिकृत डोनाल्ड लाडेमले भन्नुभयो ।

पाँच सय २० मिटर उचाइमा अवस्थित दुई सय ५० टनको गह्रुंगो २६ मिटर अग्लो तामाको बुद्धमूर्ति लो पिन गुम्बाको निजी सम्पत्तिमा पर्छ । प्रत्येक दिन

हजारौं श्रद्धालु यस मूर्तिको दर्शन गर्न आउने गर्छन् । व्यापारीहरूले मूर्तिको महत्त्व र विशेषताको व्यापारिक लाभ उठाउन त्यहाँ होटल बनाउने योजना बनाएका थिए । सार्वजनिक गरिएको विकास योजनामा मूर्तिको मुन्तिर रहेका स-साना पसलहरू पनि हटाउने आदेश दिइएको छ । साभार : राजधानी

## नगदेश

*२०५९ श्रावण ८*

नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुच: नगदेशको संयुक्त आयोजनामा नगदेश बुद्ध विहारको आयोजनामा २५९१ औं धर्मचक्र प्रवर्तन दिवस भव्यरूपले मनाइयो । सामूहिक बुद्ध पूजा, पञ्चशील प्रार्थना र बुद्ध प्रतिमा खटमा राखी समूहको व्यानर, धिमेबाजा, ज्ञानमाला भजन खल: नगदेशका तमाम उपासकोपासिकाहरू संलग्न भई नगदेश परिक्रमा गरी सभामा परिणत भएको थियो । नगदेश बौद्ध समूहका सभापति श्री न्हुच्छे कुमार सिंकेमनको सभापतित्त्वमा संचालित उक्त सभामा नगदेश बौद्ध समूहका सचिव श्री कृष्ण कुमार प्रजापतिले धर्मचक्र प्रवर्तन दिवस र असार पूर्णिमाको अन्योन्याश्रित सम्बद्ध बारे चर्चा गर्नुभएको थियो । समारोहमा श्रावण ४ र ५ गते दिवंगत हुनु भएका श्रामणेर बुद्धि सागर र भिक्षु सुदर्शनको पुण्य स्मृतीमा १ मिनेट मौन धारण गरी श्रद्धाञ्जली व्यक्त गरिएको थियो ।

## गाउँलेद्वारा बाटो निर्माण

कपिलवस्तु, २९ असार (कास)- हथौसा गाविस-६ भडसडवाका गाउँलेले स्थानीय सहयोग र श्रमदानबाट भडसडवा चौकदेखि हथौसा सामुदायिक वनसम्म करिब एक किमि बाटोमा माटो भरी ग्राभेल गर्ने कार्य सम्पन्न गरेका छन् । वडाध्यक्ष महेन्द्र अर्यालले आफ्नो एक वर्षको गाविसबाट पाउने भत्ता १ हजार २ सय रुपैयाँ सहयोग दिई बाटो खन्न सुरु गरेपछि स्थानीय जनताले स्वस्फूर्त रूपमा २५ देखि १ हजार रुपैयाँसम्म जनसहयोग जुटाई बाटो निर्माण गरेका छन् । त्यसैगरी स्थानीय गाउँका ट्याक्टर धनीहरूले आ-आफ्नो ट्याक्टरबाट नि:शुल्क रूपमा आठ ट्याक्टर ग्राभेल खसालेका थिए ।

## बृक्षारोपण कार्यक्रम सम्पन्न

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारको ५६ औं शुभ जन्मोत्सवको सुखद उपलक्षमा ०५९ असार २२ गते शनीवारका दिन चावहिल ऐतिहासिक चारुमती स्तूप वरिपरि वृक्षारोपण कार्यक्रम सम्पन्न भएको समाचार छ । उक्त कार्यक्रममा २ नं. क्षेत्रका सांसद विद्या भण्डारी र ७ वडा अध्यक्ष गोपाल पण्डित प्रमुखत्वमा सम्पन्न भएको थियो । उक्त बृक्षारोपण कार्यक्रम चारूमती बुद्धिष्ट मिशन र स्थानीय गौरव युवा क्लबको आयोजनामा गरेको थियो ।

## भिक्षु सुर्दशनको देहावसान

भिक्षु सुदर्शन महास्थविरको हृदयाघाटका कारण ६८ वर्षको उमेरमा श्रावण ५ गते आइतवारका दिन निधन भयो । हृदयाघात भएपछि उपचारार्थ सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्रमा भर्ना गरिएको थियो ।

अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष, धर्मोदय सभाका धर्मानुशासक, लुम्बिनी विकास कोषका सल्लाहकार, नेपालभाषा एकेडेमीका भाइस चान्सलर श्रीकीर्ति विहारका प्रमुख रहनुभएका भिक्षु सुदर्शनको पार्थिव शरीरलाई अन्तिम दर्शनका लागि कीर्तिपुर नयाँबजार स्थित श्रीकीर्ति विहारमा श्रावण ५ देखि ८ गते विहान सम्म राखिएको थियो । श्रावण ८ गते भिक्षु सुदर्शनको पार्थिव शरीरलाई कीर्तिपुर नगर परिक्रमा गराई विशाल जनसमूहका साथ कीर्तिपुरवाट काठमाडौंका विभिन्न नगर परिक्रमा गराउँदै स्वयम्भूस्थित आनन्दकुटी विहारमा अन्तिम श्रद्धाञ्जली सभा गरिएको थियो । संघनायक भिक्षु अनिरूद्ध महास्थविरले पञ्चशील प्रार्थना गराउनु भएको उक्त सभामा मन्त्री बलबहादुर केसी लगायत अन्य विशिष्ट महानुभावहरूले पनि अन्तिम श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो । भिक्षु अनिरूद्धबाट अनित्यबारे धर्मदिशना गर्नु भए पश्चात् भिक्षु सुगन्धले दिवंगत भिक्षु सुदर्शन महास्थविरको जीवनी र उहाँको योगदान विषयमा चर्चा गर्नुभयो । श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी सरकारको तर्फबाट पठाइवक्सेका श्रद्धाञ्जली पढेर सुनाइएको उक्त सभामा थाइलैण्ड र श्रीलंकाका राजदूतावासहरूबाट पठाइएको श्रद्धाञ्जली पनि पढेर सुनाइएको थियो । सामूहिक रूपमा अनिच्चावत संखारा पाठ गरिए पश्चात् भिक्षुहरू लामागुरुहरू र बज्राचार्य गुरुजुहरूको तर्फबाट पालै पालो मरणानुस्मृति पाठ गरिएपछि मतकवस्त्र दान गरिएको थियो । उक्त सभामा भिक्षु भिक्षुणी गुरुमांहरू, लामागुरुहरू लगायत बज्राचार्य गुरुजुहरूलाई समेत दान प्रदान गरिएको थियो ।

दिवंगत भिक्षु सुदर्शन महास्थविरको पुण्य स्मृतिमा मरणानुस्मृति भावना गरी भिक्षु संघलाई चीवर वस्त्र दान गरे पश्चात् पुण्यानुमोदन गरिएपछि उहाँको पार्थिव शरीर लाई दाह संस्कार गर्नको लागि लगिएको थियो ।

ललितपुरको वकुवहालमा पिता न्हुच्छेमान शाक्य र माता हर्षमाया शाक्यको कोखबाट जन्मनु भएका भिक्षु सुदर्शनको गृहस्थ नाम रुद्र राज शाक्य थियो ।

नेपाल सम्वत् १०६९ को पौषमा अखिल नेपाल भिक्षु महासंघको वर्तमान अध्यक्ष भिक्षु बुद्धघोष महास्थविरको संगै कुशीनगरमा गई भिक्षु उ. चन्द्रमणि महास्थविरबाट दिक्षा लिनुभई श्रामणेर सुदर्शन हुनुभएको उहाँले ३० वर्षको उमेरमा भिक्षु प्रज्ञानन्द महास्थविरको उपाध्यायत्त्वमा वि.सं. २०२१ मंसीर द्वादशीका दिन सार नाथमा उपसम्पन्न भई भिक्षु सुदर्शन हुनुभएको थियो ।

विदेशमा समेत ख्याती कमाउन सफल हुनुभएका भिक्षु सुदर्शन बुद्ध जन्मस्थल लुम्बिनी सम्वन्धी ज्ञाता हुनुहुन्थ्यो । एउटा अन्तर्राष्ट्रिय स्तरको एकेडेमिक जर्नलमा लुम्बिनी सम्बन्धि उहाँको एउटा लेखलाई 'स्पेशल एकेडेमिक आर्टिकल" भनी विशेष चिन्ह सहित केही वर्ष अगाडि प्रकाशित गरिएको थियो । उच्च शिक्षा हासिल गरी अधिराज्यका विभिन्न विद्यालय देखि लिएर त्रिभुवन विश्वविद्यालयमा उपप्राध्यापक समेत रहनु भएका दिवंगत सुदर्शन महास्थविरले विभिन्न राष्ट्रिय पुरस्कार तथा मानसन्मान पाउनु भएको छ । उहाँका विभिन्न विषयमा नेपाली र नेपाल भाषामा समेत गरी जम्मा ८० वटा भन्दा बढि पुस्तक प्रकाशन गरिसक्नु भएको छ ।

## चैत्य शिलान्यास

*२०५९ आषाढ २९, सुलक्षण कीर्ति विहार चोभार ।*

डा. अनोजा गुरुमाँको ४३ औं शुभ जन्मोत्सव र सुलक्षण कीर्ति विहार चोभारको माथिल्लो तल्लामा निर्माण हुन गइरहेको चैत्य र ध्यानकक्ष भिक्षु अश्वघोष महास्थविरले शिलान्यास गर्नु भएको थियो । उक्त कार्यक्रममा बुद्ध पूजा पछि शुभकामना मन्तव्य दिनेहरू- प्रमुख अतिथि भिक्षु अश्वघोष महास्थविर, धर्माचरिय धम्मवती गुरुमां, पूर्व सांसद कृष्णगोपाल श्रेष्ठ, प्रा. सुवर्ण शाक्य, श्री केदार शाक्य, भिक्षु भद्दिय.....। तत्पश्चात दान प्रदान, तथा उपस्थित भिक्षु गुरुमा लगायत उपासक उपासिकाहरूलाई भोजनको व्यवस्था गरिएको थियो ।

## बौद्ध ज्ञान चेतना संघ

*२०५९ श्रावण ८, धर्मकीर्ति विहार ।*

श्रीघः बौद्ध ज्ञान चेतना संघ धर्मकीर्ति विहार श्रीघःको आयोजनामा बौद्ध ज्ञान चेतना संघ शुभारम्भ तथा भजन, प्रवचन कार्यक्रम संचालन गरेको छ । उक्त कार्यक्रममा मछिन्द्र बहालका भक्तजनहरू भेलाभई मछिन्द्र बहाल देखि धर्मकीर्ति विहार श्रीघ सम्म शान्ति पदयात्रा गरी सभामा परिणत भएको थियो । संघका अध्यक्ष जुजु भाई शाक्यले सभापति आसन ग्रहण गर्नु भएपछि स्वागत गान दीप प्रज्वलन र भिक्षु अश्वघोष महास्थविरबाट शील प्रार्थना गराउनु भएको थियो । भजन पछि धम्मवती गुरुमाँले बौद्ध ज्ञान चेतना संघ बारे जानकारी दिनु हुँदै भन्नु भयो- बच्चा जन्माउनु जत्ति सजिलो तर हुर्काउनु सजिलो छैन त्यस्तै संघ संस्था खोल्नु सजिलो भए पनि संचालन गर्नु सजिलो छैन । त्यस पछि संघका सचिव मंजिल चित्रकारले यस नयाँ संस्थाको उद्देश्य प्रकाश पार्नु भयो । यसरी नै डा. वज्रराज शाक्य, प्रा. सुवर्ण शाक्यले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभयो भने संघका अध्यक्ष जुजुभाई शाक्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो । कार्यक्रम पश्चात् जलपान गराइएको थियो ।

## त्रिशूलीमा बुद्धपूजा

सुगतपुर विहार, त्रिशुली । भिक्षु बोधिज्ञानले शील प्रार्थना गराउनु भई बुद्ध पूजा, धर्म देशना कार्यक्रम सम्पन्न भएको थियो । विश्वशान्ति पुस्तकालय पाटनको आयोजनामा भिक्षु बोधिज्ञान, भिक्षु उदय भद्र र १८ जना श्रामणेरहरू सहित जम्मा २० जवानले जेठ पूर्णिमाका दिन त्रिशूली बजारमा भिक्षाटन गर्नु भएको थियो ।

सुगत बौद्ध मण्डलका अध्यक्ष बोधिरत्न शाक्यको समुपस्थितिमा सुगतपुर विहारमा सञ्चालित कार्यक्रममा भिक्षु बोधिज्ञानले विश्वशान्ति विहारको गतिविधि अवगत गराउनु भएको थियो । विश्वशान्तिका अध्यक्ष किरण शाक्यले पुस्तकालयको परिचय दिंदा प्रत्येक पूर्णिमाको दिन भिक्षाटनको कार्यक्रम केही वर्ष देखि नै संचालन गरि आएको कुरा व्यक्त गर्नुभयो ।

तेजवहादुर शाक्यले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त सभामा रत्नकाजी वज्राचार्यबाट सुगतपुर विहारको परिचय दिनु भएको थियो । यसरी नै बोधिरत्न शाक्यबाट सबै सहयोगीहरूलाई धन्यवाद

ज्ञापन गर्नु भएको थियो । उक्त कार्यक्रममा श्री झनकराज वज्राचार्य सपरिवारले जलपान भोजन दान गर्नु भएको थियो भने सुगत बौद्ध ऋण परिचालन समूहबाट जलपान र तेज बहादुर शाकय सपरिवारबाट भोजन दान गर्नुभएको थियो ।

## म्याग्दी बौद्ध संघका गतिविधिहरू

*२०५९ श्रावण ८, बनी म्याग्दी ।*

म्याग्दी बौद्ध संघको आयोजनामा वेनी स्थित बौद्ध चैत्यको अस्थाई विहारमा थुप्रै उपासक उपासिकाहरूको सहभागीतामा विभिन्न कार्यक्रमहरू संचालन गरी आषाढ पूर्णिमा महोत्सव मनाइएको समाचार छ । युवा बौद्ध संघका अध्यक्ष श्री रमेश श्रेष्ठले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा दान, शील, भावना र बुद्ध पूजा, पूण्यानुमोदन गरिएको थियो । उक्त कार्यक्रममा आषाढ पूर्णिमाको महत्व दर्शाउनु हुँदै आ-आफ्नो मन्तव्य व्यक्तगर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो- श्याम शाक्य, श्रीमती विष्णु शाकय, नरवहादुर थापा आदि ।

*२०५९ जेठ र आषाढ २९*

बुद्ध शिक्षालाई गाउँ घरहरूमा पनि फैलाउने उद्देश्य राखी भिक्षु विशुद्धानन्द र श्रामणेर ध्यान रत्नको आतिथ्यमा वेनी बजारका उपासक उपासिकाहरूको सहभागितामा दान, शील, भावना र बुद्ध पूजा कार्यक्रम संचालन गरियो । उक्त कार्यक्रममा भिक्षु विशुद्धानन्दले धर्मदेशना गर्नुभएको थियो भने श्रामणेर ध्यानरत्नले आफ्नो अनुभव व्यक्त गर्नुभएको थियो ।

यसरी नै वेनी बजारका युवाहरूमा बौद्ध जागरण ल्याउने उद्देश्य र बुद्ध जयन्ति कार्यक्रमलाई केही आर्थिक सहयोग होस् भन्ने मनसाय राखी भिक्षु विशुद्धानन्दको आतिथ्यमा युवा बौद्ध संघ र महिला बौद्ध संघको आयोजनामा वेनी बजारमा भिक्षाटन कार्यक्रम सम्पन्न भएको समाचार छ । यसै सिलसिलामा जलेश्वरमा पनि भिक्षाटन कार्यक्रम सम्पन्न गरिएको थियो । सो अवसर मा भिक्षाटनबाट नगद रु. २१, ३८६।- जिन्सी चामल ६३ पाथी संकलन भएको जानकारी गरिएको छ ।

## रक्तदान

*२०५९ श्रावण ८, बुद्ध विहार, विराटनगर ।*

आषाढ पूर्णिमाको उपलक्षमा युवा बौद्ध संघबाट आठौं पटक रक्तदान कार्यक्रम सम्पन्न गरिएको समाचार छ । ३२ जना रक्तदाताहरूले रक्तदान गर्नुभएको उक्त कार्यक्रम उद्धव सुवेदी, प्रेम सुवेदी, गोविन्द सुवेदी र उमेश सुवेदी तथा सहयोगीहरूमा राजन कँडेल, रवि तुलाधर, विजया शाक्य, देवीमाया ताम्राकार, माया देवी ताम्राकार, नेमकृष्ण ताम्राकार, चन्द्रीका शाक्य र उपासिका संघको सहयोगमा प्रायोजन गरिएको थियो ।

उक्त कार्यक्रममा विराट बौद्ध संघका अध्यक्ष धर्मकुमार हलुवाई तथा युवा बौद्ध संघका अध्यक्ष श्री मोहन कृष्ण ताम्रकारले असारपूर्णिमा र रक्तदान विषयमा जानकारी दिनुभएको थियो ।

## श्रद्धाञ्जली सभा

*२०५९ श्रावण ७, विराटनगर ।*

भिक्षु सुदर्शन महास्थविर ६८ औं वर्षको उमेरमा निधन हुनुभएको दुःखद घडीमा विराट बौद्ध सँघको आयोजनामा स्थानिय बौद्ध संघ संस्था तथा बौद्ध धर्मावलम्बीहरूको सहभागितामा एक श्रद्धाञ्जली सभा सम्पन्न गरिएको समाचार छ । उक्त सभामा दिवंगत भिक्षु सुदर्शन महास्थविरले आफ्नो जीवनकाल अवधिभर धर्मप्रचार कार्यमा पुऱ्याउनु भएको योगदान स्मरण गर्दै आ-आफ्नो मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो-

विराट बौद्ध संघका अध्यक्ष धर्मकुमार हलुवाई, उपाध्यक्ष मोहन प्रसाद शाक्य, सचिव सत्यनारायण ताम्राकार, उपासिका संघका अध्यक्ष लक्ष्मी प्रधान, सदस्य हीरा देवी शाक्य र भ्री गुठीका अध्यक्ष प्रेम काजी बज्राचार्य आदि ।

## जंकोया उपलक्षे बुद्धपूजा

*२०५९ असार १७ गते , सिद्धि मंगल बुद्ध विहार, थसि ।*

बेखा बहादुर महर्जन व पुनमाया महर्जन या जंकोया उपलक्षे भिक्षु संवेग किर्तिया पाखें पञ्चशील प्रार्थना याका बुद्ध पूजा ज्याझ्वः न्ह्याकूगु समाचार दु । भिक्षु सोभितं धर्मदेशना याना विज्याःगु उगु ज्याझ्वले ललितपुर जिल्लाया माननिय सांसद कृष्णलाल महर्जन जंकु यानादीम्ह बेखावहादुर महर्जनयात हनापौ लःल्हाना दिलसा बखत बहादुर चित्रकार जुं श्रीमती पुणमाया महर्जनयात बुद्धया तस्विर लःल्हानादिल । अथेहे जंको यानादीपिनि काय् बेखालाल महर्जनयात त्वय वहादुर धाख्वाः नं ३८ गू मंगलया तस्विर लःल्हाना दिल । थुगु कार्यक्रमम भन्ते गुरुमांपिन्त जलपान व भोजनया व्यवस्था नं याःगु खः ।

## ख्वपे श्रद्धाञ्जलीसभा

श्रावण १८ गते। ख्वप बौद्धसंघ, युवा बौद्ध पुच:, मैत्रेय युवा संघ व धर्मोदय सभा ख्वप कचा छ्धी छपाँय जुया अरुणिको भवने मदुम्ह भिक्षु सुदर्शन महास्थविरया पुण्य स्मृतिस श्रद्धाञ्जली सभा जुल । उगु सभा भिक्षु धम्मशोभनया सभापतित्वे व भिक्षु अश्वघोष महास्थविर या मू पाहाँले जूगु ख: । युवा बौद्ध पुच:या अध्यक्ष धर्मरत्नया स्वागत भाषण लिपा निम्नलिखित व्यक्तिपिसं भिक्षु सुदर्शनया व्यक्तित्वया बारे न्वचु बिया बिज्यागु ख: । ख्वपया बौद्ध विद्वान रत्नसुन्दर शाक्य, ख्वप धर्मोदय सभाया पाखें रामकृष्ण वैद्य, विराटनेपाल भाषा साहित्य सम्मेलन पाखें नरेन्द्र हाडा, धर्मोदय सभाया केन्दीय अध्यक्ष लोकदर्शन वज्राचार्य व मू पाहाँ भिक्षु अश्वघोष महास्थविर । अन्ते मैत्रेय युवा संघया अध्यक्ष तीर्थराज वज्राचार्यं धन्यवाद बिया बिज्यात। उगू ज्या भो न्ह्याका बिज्याम्ह त्रिरत्न शाक्य ख: ।

## धर्मचक्र प्रवर्तन दिवस

*२०५९ श्रावण ८ गते, भोटेबहा:*

२५९१ क्व:गु धर्मचक्र प्रवर्तन दिवसया उपलक्षे विभिन्न संस्थां थुकथं ज्याइव: न्ह्याकूगु समाचार दु ।

धर्मचक्र प्रवर्तन दिवसया उपलक्षे बुद्ध प्रतिमा सहित नगर परिक्रमा ज्याइव: भ्‍भ:धायक क्वचायकूगु समाचार दु। २५९१ दँ धर्मचक्र प्रवर्तन दिवस समारोह गंगावहादुर शाही सपरिवारया आयोजनाय् सम्पन्न जूगु उगु ज्याइवले आपालं उपासकोपासिकापिसं ब्वति का:गु खँ सीदु।

गुरुपुन्ही न्हेगू संयोग चूला:गु दिन धका: थुकथं उल्लेख जुयाच्वंगु दु।

१. बोधिसत्त्व महामायादेवि गर्भय् च्वंबिज्या:गु।
२. दु:खं मुक्तिया लँपु ल्वीकेत वसपोलं गृहत्याग याना विज्यागु
३. बुद्ध ज्वी धुंका: बुद्धं सारनाथया मृगदावनय् दकले न्हापा धर्मचक्र प्रवर्तन याना विज्या:गु ।
४. भिक्षुपिनि निंती स्वलातक छ्थासं च्वनेगु नियम छुना: थं:म्हं नं वर्षावास च्वना विज्या:गु ।
५. श्रावस्ती ऋद्धि प्रातिहार्य क्यना बिज्या:गु ।
६. अभिधर्म देशना यानाविज्या:गु ।
७. तथागतया महापरिनिर्वाण लिपा भिक्षु महाकाश्यपं न्हेस:म्ह अर्हत स्थविरपिं मुंका: न्हापांगु संघायना याना विज्यागु ।

युवा बौद्ध पुच: ख्वप । २०५९ श्रावण ४

युवा बौद्ध पुच: ख्वप:या मू ग्वसालय् बौद्ध संमकृत विहारय् नि:शुल्क नुग: चुया ल्वय् सम्बन्धी परिक्षण शिविर सञ्चालन जूगु समाचार दु । थुगु स्वास्थ्य परिक्षण शिविर सञ्चालनया लागीं नर्भिक एस्कर्टस् हेल्थ केयर एण्ड रिसर्च सेन्टर या प्रायोजकय् जूगु ख: । थुगु ज्याइव: न्ह्याकेत पुच:या नाय: भाजु धर्म रत्न शाक्य जु व नर्भिक सेन्टर पाखें डा. जे.पि. जयसवाल ज्यूपाखें मंका उलेज्या: याना दिल । थुगु हे ज्या: इव:लय् पुच:या नाय भाजु पाखें धर्मचक्रदिं व बुद्ध धर्मय् नं स्वास्थ्य सम्वन्धी छुँ खँ न्हथना दिल। अथेतु थुगु ज्याइवया अन्तय् पुच:या नाय: जुं नर्भिक सेन्टरयात कदर-पत्र ल:ल्हाना दिल ।

थुगु स्वास्थ्य शिविरय् १००म्ह मनू तयेत नुग:चु सम्बन्धी ल्वय् परिक्षण या:गु ख: । डा. जयसवालजुया धापूकथं थुगु स्वास्थ्य शिविर ख्वप जिल्लाया हे दकले न्हांपांया स्वास्थ्य शिविर ख: ।

## ३२ कोगु साधारण सभा

श्रावण १८ गते। यल युवक मण्डलया ३२ कोगु साधारण सभा मण्डलया अध्यक्ष अशोकमान शाक्यया सभापतित्वे व अखिल नेपाल भिक्षु महासंघया अध्यक्ष भिक्षु बुद्धघोष महास्थविरया मू पाहाँले जुल। साँस्कृतिक दुज: तय्सं स्वागत म्ये हाले धुंका उपाध्यक्ष राजेश शाक्यया वार्षिक प्रतिवेदन लिपा कोषाध्यक्ष सुनिल वज्राचार्यं ध्यवाया ल्या:चा न्यंका बिज्यागु ख: । उक्त कार्यक्रमे थकालिपिं सल्लाहकारपिं ज्ञानज्योति कसा, बुद्धिराज बज्राचार्य व प्रा. आशाराम शाकय, मण्डलया पूर्व अध्यक्ष व मण्डलया बौद्ध स्कूल संस्थापक संचालक समितिया अध्यक्ष सुचित्रमान शाक्य, पूर्व अध्यक्ष बोधिवज्र वज्राचार्यपिंसं थ:पिनिगु मन्तव्य प्रकट याना बिज्यागु ख: ।

## नियमित बुद्धपूजा

*२०५९ श्रावण १६ । सुवर्ण छत्रपुर विहार, ललितपुर ।*

सुवर्ण छत्रपुर विहारया नियमित बुद्धपूजा ज्याभोकथं ज्ञानमाला भजन, जलपान, शील प्रार्थना, बुद्धपूजा, धर्मदेशना, पुण्यानुमोदन, दानप्रदान, भोजनदान

व दिवंगत भिक्षु सुदर्शन महास्थविरया गुणनुस्मरण आदि ज्याझो सम्पन्न जूगु समाचार दु ।

उगु ज्याझ्वले विश्व शान्ति विहारं विज्या:म्ह श्रद्धेय श्रामणेर सुशीलं शील प्रार्थना याका विज्यागु ख:सा श्रद्धेय भिक्षु नायकं धर्मदेशना याना विज्यात । ज्याझ्व:या अन्तय् २०५९ श्रावण २४ गते निसें शुभारम्भ ज्वीगु गुँला लच्छी विहारे धर्मदेशना याकेगु निर्णय यासे ज्याझ्व: क्वचायकूगु ख: ।

## वृहत भिक्षाटन व भोजनदान

*२०५९ श्रावण ८ गुरुपुन्ही, नागवहाल यल ।*

योङ्गस्टर्स क्लव नागबहालया ग्वसालय् गुरुपुन्हीया उपलक्षे वृहत भिक्षाटन व भोजनदान ज्याझ्व: झझ: धायक क्वचा:गु समाचार दु । लगभग ७० जवान भन्ते गुरुमांपिं सहभागी जुयाविज्या:गु उगु भिक्षाटन ज्याझ्वले स्थानिय उपासकउपासिकापिसं भिक्षा दान यासे भोजन दानया नं प्रवन्ध या:गु ख: । थौं कन्हेयापिं ल्यायम्ह ल्यासे पुचलं बुद्ध शिक्षा अनुकरण यासे बुद्ध शासने च्वनाच्वंपिं भन्ते गुरुमांपिं प्रति श्रद्धा व्यक्त यासे ग्वसा: ग्व:गु थुगु ज्याझ्व:यात च्वछायबह:जू । भिक्षाटन ज्याझ्व:लं लिपा धम्मपाल भन्तेनं पञ्चशील प्रार्थना याका विज्यातसा भद्दिय भन्ते नं धर्मदेशना यानाविज्या:गु ख: ।

## कनकद्वीप मदुगुया शोक सभा

हनेबहम्ह बौद्ध विद्वान व लेखक अले आलोचक ब. आ. कनकद्वीप मदुगु दुखय् युवा बौद्ध समूह, यें पाखें युवा बौद्ध समूहया नायो शान्त रत्न शाक्यया सभापतित्वे व युवा बौद्ध समूहया मानार्थ दुज: भाजु ज्ञानज्योति कंसाकार या मू पाहाँले छगू शोक सभा जुल । भिक्षु श्रद्धानन्द समक्ष शील प्रार्थना न्ह्याकुगु उगु कार्यक्रमे भिक्षु सुशील प्रा. सुवर्ण शाक्य, कुल धर्मरत्न तुलाधर, हर्षमुनि शाक्य, फणिन्द्ररत्न वज्राचार्य, कृष्ण कुमार प्रजापति, युवा बौद्धया उपाध्यक्ष त्रिरत्न मानन्धर व सुदेश मानन्धर पिसं भाजु कनकद्वीपया स्पष्ट लेखक व्यक्तित्वयात कया थथ:गु नुग: खँ प्वंकुगु ख: । उगु ज्याझ्वले कवि दुर्गालाल श्रेष्ठं कनकद्वीपया बारेच्वयादीगु कविता पाठ नं न्यंकादीगु ख: ।

## बौद्ध न्ह्यसः लिसः कासा

*मंगल वजारया कार्तिक दबुली, २०५९ श्रावण (५-११ तक)*

बौद्ध युवा कमिटि परिवार झटापोल यल या ग्वसाले ३० औं यल जिल्लाव्यापी बुद्ध व बुद्ध धर्म सम्बन्धि अन्तर क्लव, संघ संस्था व पुस्तकालयया विचय् न्ह्यस: लिस: कासा सम्पन्न जूगु समाचार दु । श्रावण ५ गते निसें श्रावण ११ गते तक न्ह्या:गु थुगु ज्याझ्वलय् ब्वतिका:पिं संस्थात २६ गू दु ।

थुगु न्ह्यस: लिस: कासा मू पाहाँ भिक्षु अश्वघोष महास्थविरं उद्घाटन याना विज्यागु ख: । विचे विचे सांस्कृतिक ज्याझ्व क्यना न्ह्याइपुसे च्वंगु वातावरण दुगु समाचार दु । अपो संघ संस्थां भाग कागु थ्व न्हापांयागु पटक ख: ।

## गुरु लुमंका

*-रोसन तुलाधर*

मन्त हा ! जिमि गुरु सुदर्शन
वन चलः जिगु क्यातुगु मन
जीवने गुबलें मजू थें
स्युँ मिला पुन्हीया झन

हिरा दयानं थःगु ल्हातिइ
खाः बाकू मुं मुं मलापिं
म्ह छम्हं ताले लाका नं
घोने ल्हा तायका च्वनापिं

झीत उम्ह तथागतया दर्शन
लुम्बिनी थामं पिज्वयेका
केनेगु हे थः आज्जु भाःपा
स्थविरत्व याना समर्पण

देह मन्तं गय् मदै गुरु
स्युँ तँया अय् थीगु जः ।
खः अनित्य बरु लुमंके
थःत चिइ थुगु शोक सं

धर्मकीर्ति पत्रिकाया विशेष सदस्य
क्र.सं. ३८०
श्रीमती अमर लक्ष्मी तुलाधर
स्वयम्भु, भचातगी काठमाडौं ।
१०२५।-

## महामानव गौतम बुद्ध

*-वी. एम. श्रेष्ठ*

आजभन्दा २५४६ वर्ष अघि वैशाख पूर्णिमाको दिन सिद्धार्थ गौतम लुम्बिनीमा जन्मनु भयो । हिंसाको कट्टर विरोधी सिद्धार्थले वैशाख पूर्णिमाको दिनमा नै बुद्धत्त्व प्राप्त गर्नुभयो । फलस्वरूप एशियाको तारा बनी नक्षत्रमा उदाउन सफल भए ।

यदि हामीले क्रोध, राग, र हिंसा जसता कुभावनाहरूलाई मनबाट फाल्न सक्यौं भने हामीलाई अवश्य पनि सुख प्राप्ती हुन्छ भन्ने गहकिला बुद्ध उपदेशहरू शताब्दीयौं सम्म पनि ताजा बनि रहे । उनका यी उपदेशहरू मानव कल्याणको निमित्त उपयोगी साबित भए ।

संसारमा दु:ख हुनु, दु:खको कारण हुनु, दु:ख निरोध हुन सक्नु, दु:ख निरोधका उपायहरू हुनु यी सबै विचारधाराहरू सर्वव्यापी र सत्य छन् ।

बुद्धका शान्ति, धैर्य, अहिंसा र सत्य ज्ञानलाई पालना गर्न सकिएमा मात्र विश्व शान्ति सम्भव हुनेछ ।

## बुद्ध दर्शनमा कर्मको चिन्तन

-अनोजा

बुद्ध शिक्षा अनुसार आ-आफ्नो कर्मफल सबैले भोग्नु नै पर्दछ । आकाश, समुद्र, पर्वत, गुफा जहाँ लुकेर बसे पनि कर्मफलबाट बच्न सक्दैन । मज्झिम निकाय चूलकम्मविभंग सुत्र र महाकम्मविभंग सूत्रमा पनि बुद्धले कर्मको विषयमा भन्नु भएको छ । मानिसहरूको नाथ, बन्धु र सुख दु:खको भाग्य विधाता नै कर्म हो ।

एकदिन शुभ मानवक ब्राह्मणले बुद्धसंग प्रश्न गर्न आएछ -"श्रमण ! मानिसको सुखदु:खको कारण के होला ?"

बुद्धले भन्नुभयो -"कम्मस्सका माणवसत्ता, कम्मदायादा, कम्मयोनी, कम्मबन्धु, कम्मपटिकरणा, कम्मं सत्ते विभजति यदिदं हीनप्पणीतताय"ति ।

अर्थ- प्राणीहरूका लागि कर्म स्पर्श हो, कर्म नै व्यापाद हो कर्म नै योगी, कर्म नै नाथ र कर्म नै सम्पूर्ण शरण, कर्म नै श्रेष्ठ तथा हीनताको भाग हो ।

अंगुत्तर निकायमा पनि कर्म बिषयमा बुद्धले राम्ररी व्याख्या गर्नुभएको छ । आफ्नो कर्मको उत्तराधिकारी आफै हुने गर्छ । आमा, बुबा, दाजुभाई, दिदीबहिनी, छोराछोरी, श्रमिान श्रीमती कोहीपनि हुन सक्दैन ।

सुत्तनिपात केवट्ट सुत्तमा बुद्धले भन्नुभएको छ- संसार कर्मबाट चलेको छ । चलिरहेको रथ या गाडाको चक्का जसरी गुडीरहन्छ त्यसरी नै प्राणीहरू पनि आ-आफ्नो कर्म अनुसार राम्रो नराम्रो धनी गरीव बनी कर्म भोग भोगिरहनछन् । जातले ठूलो सानो हुने होइन । कर्मले ठूलो सानो हुने गर्छ ।

**न जच्चा वसलो होति न जच्चा होति ब्राह्मणो**
**कम्मना वसलोहोति कम्मना होति ब्राह्मणो**

अर्थ- जन्मले कोही ब्राह्मण हुँदैन जन्मले कोही चण्डाल हुँदैन । कर्मले नै ब्राह्मण हुन्छ । कर्मले नै चण्डाल हुन्छ ।

यसरी बुद्धले जातीभेदलाई मान्नु हुन्न । उहाँले भन्नुहुन्छ "चेतनाहं भिक्खवे कम्मं वदामि चेतयित्वा कम्मं करोति कायेन वाचाय मनसा ।"

उहाँले चेतनालाई प्राथमिकता दिनु भएको छ । आफ्नो स्वइच्छाले गरेको, आफ्नो स्वार्थको वसमा लागी गरेको, अरुले गराएको, अरुले भन्ला भनेर गरेको, आदि कार्यहरूको फल फरक फरक हुन्छन् ।

एकदिन सुभमाणवकले बुद्ध समक्ष गई यसरी प्रश्न सोधेछ - भो गौतम ! संसारमा सबै मानिसहरू किन भिन्न भिन्न रूपका छन् ? किन सबैको आयु समान छैनन् ? किन कोही रोगी कोही निरोगी छन्, कोही गरीव कोही धनी, कोही राम्रा कोही कुरुप छन् ? किन कोही सुखी र कोही दुखी छन् ?

बुद्धले भन्नुभयो -"मानिसहरू आफ्नो कर्म अनुसार फल भोगि रहेका हुन्छन् । कर्म नै उसको नाथ हो ।

## शुभकामना

*अ. सुमेधावती*

गुरूमां धम्मवतीलाई शुभकामना छ ।
हृदयको फूल चढाई वन्दना गर्दछु
बुद्धानु भावले ज्ञानको ज्योती फैलियोस्
धम्मानू भावले सत्यतामा बाँची रहोस्
संघानू भावले लेठ शरणमा हामीलाई
तपाईंको छत्र छायाँमा बाँच्न पाऊँ हामी सधैं
आजको समयमा खाँचो छ तपाईं हामीलाई
म प्रार्थना गर्दछु सधै सधै भगवान बुद्ध संघ
तपाईको सुस्वास्थ होठन, दिर्घायु होठन् ।
जन्म दिएर आमाले संसार देखाई दिए झैं
धर्म गुरू आमाले दिन्छ ज्ञान
जीठने शिक्षा गुरूको मैत्री अपरम्पार छ ।
कसैमा छैन भेदभाव यहाँ
सबैलाई पुऱ्याउँछ सम्यक दृष्टि
भवतु सब्ब मंगलमं

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ४५१४, काठमाडौं। फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८